जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly

साप्ताहिक

वर्ष ६ अंक ७, २०७४ साल जेठ १२ गते शुक्रबार, नेपाल संवत् ११३७ (May 25, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## भारतीय सेनाका तीन नेपालीको मृत्यु

काठमाडौं । भारतीय सेनामा कार्यरत तीन नेपालीको ज्यान गएको छ । ज्यान जानेमा पर्वतको कुश्मा नगरपालिका-८ चुवाका २३ वर्षीय रबिन शर्मा, गुल्मीको काराइँग तुन गाउँ घर भएका ४० वर्षिय डमरबहादुर पुन र ३८ वर्षीय गिरिश गुरुङ रहेका छन् । भारतको काश्मिरस्थित भारत र पाकिस्तानको सीमा छुट्याउने लाइन अफ कन्ट्रोलको नौगाम सेक्टरमा बाँकी ८ पेजमा

## मलको हाहाकार

काठमाडौं । हरेक वर्ष खेतीको समयमा रासायनिक मलको हाहाकार हुने गरेको छ । नेपाल कृषिप्रधान देश भनिए तापनि अहिलेसम्म रासायनिक मल कारखाना खुल्न सकेको छैन र मल आयातकै भरमा काम चलाइँदै आएको छ । कृषिलाई आवश्यक युरिया, डिएपी जस्ता मलको अभावले किसान मर्कामा पर्ने गरेका छन् भने भारतबाट मल तस्करी गराई केही तस्कर र व्यापारी मोटाउने गरेका छन् ।

कृषि मलको आपूर्ति गर्दै आएको कृषि सामग्री संस्थानमा सधैंभरि मलको अभाव हुने गरेको छ । कृषि सामग्री संस्थानमा प्रतिबोरा ८४२ रुपैयाँ पर्ने रासायनिक मल बाँकी ८ पेजमा

# प्रधानमन्त्री प्रचण्ड कति सफल कति असफल ?

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपाली कांग्रेससँगको ‘भद्र सहमति’ को पालना गर्दै पदबाट राजीनामा दिएपछि उनको दस महिने कार्यकालको समीक्षामा आम सञ्चार एवं बौद्धिक जमातले बेस्सरी समय खर्च गरिरहेका छन् । दाहाल स्वयंले देशबासीका नाममा सम्बोधन गर्दै आफूलाई सफल प्रधानमन्त्री भएको दाबी गरेका छन् । माओवादी केन्द्र निकटका मिडियाहरु र बुद्धिजीवीहरु त दाहालको ‘देवत्वकरण’ गर्न ‘तँछाडमछाड’ नै गरिरहेका छन् । प्रचण्डले सजिलै आफ्ना लागि मैदान खाली गरिदिएकोमा नेपाली कांग्रेस दंग छ । कांग्रेस सभापति शेरबहादुर देउवाले दाहालको दिल खोलेरै प्रशंसा गरेका छन् । बाह्र वर्षपछि खोलो फर्कन्छ भनेझैं बाह्र वर्ष ४ महिनाअघि तत्कालीन महाराजाधिराज ज्ञानेन्द्रद्वारा असक्षम करार गर्दै सत्ताच्युत गरिएका देउवा सम्भवतः जेठको तेस्रो साता चौथो पटक कार्यकारी प्रमुख बन्दैछन् । प्रमुख विपक्षी दल एमाले भने प्रधानमन्त्रीको राजीनामाले अन्योल बढाएको निष्कर्षमा पुगेको छ । निर्वाचनकै मुखमा स्थानीय तहको संख्या थप्ने सरकारको निर्णय र प्रधानमन्त्रीको राजीनामाले जेठ ३१ गते गर्ने भनिएको स्थानीय तहको निर्वाचन प्रभावित हुन सक्ने एमालेले आशंका गरेको छ । तर त्यसलाई ‘काउन्टर’ दिँदै भावी प्रधानमन्त्री देउवाले जेठ ३१ मा नै निर्वाचन हुनेमा ढुक्क हुन सबैलाई आग्रह गरेका छन् ।

प्रचण्ड गत साउन १९ गते दोस्रो पटक प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । नेपाली कांग्रेस र मधेसी मोर्चाबीच ३ बुँदे सहमति भएपछि मधेस केन्द्रित दलहरुले समेत प्रचण्डलाई मतदान गरेका थिए । तर संविधानलाई नमान्ने भन्दै आन्दोलन



गरिरहेका मधेसवादी दलहरु नयाँ संविधानअनुरुप भएको प्राधनमन्त्री चयन प्रक्रियामा संसदमा उपस्थित भएर भाग लिएपछि उनीहरुले संविधान स्वीकार गरेको अर्थ लगाइएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई दिएको समर्थन फिर्ता लिएर माओवादी केन्द्रले एमालेसँग ‘डिभोर्स’ गरेपछि कांग्रेस र मधेसी मोर्चाको समर्थनमा प्रचण्ड प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । त्यसबेला ओलीलाई दिएको समर्थन फिर्ता लिनुपर्ने प्रमुख तीन कारण प्रचण्डले बताएका थिए । पहिलो कारणमा ओलीले द्वन्द्वकालीन मुद्दाको सम्बोधन गर्न नचाहेको, दोस्रो संविधान संशोधन गरेर मधेसी दलहरुलाई सहमतिमा ल्याउन नसकेको र तेस्रो संविधान संशोधन गरेर मधेसको भूगोलमा निर्वाचनका लागि वातावरण बनाउन नखोजेको मुख्य थिए । आफ्नो दस महिने कार्यकालमा प्रचण्डले यी तीनवटै विषयको कत्ति पनि सम्बोधन गर्न सकेनन् । द्वन्द्वकालीन मुद्दाहरु अझै अलपत्र छन् अर्थात् ओली प्रधानमन्त्री हुँदा जहाँ थिए त्यहीँ छन् । बरु उनकै कार्यकालमा माओवादी केन्द्रका नेता बालकृष्ण ढुंगेललाई पक्रेर जेल हाल्न सर्वोच्च अदालतले आदेश दियो । माओवादी नेताहरुमाथि विभिन्न अदालतमा लागेका मुद्दाहरु किनारा लगाउन सकेनन् ।

मधेसी दलहरुको माग सम्बोधन गर्न भन्दै उनले मंसिर १४ गते संविधान संशोधन प्रस्ताव संसदमा दर्ता गराए । पश्चिम तराईका जिल्लालाई पहाडबाट अलग गर्ने लगायतका बुँदा समेटिएको संशोधन प्रस्तावको चौतर्फी विरोध भयो । माओवादी केन्द्रकै नेता टोपबहादुर रायमाझीलगायत संशोधनको विपक्षमा खडा भए । पश्चिम नेपाल आन्दोलित भयो । आखिर सरकार पछि हट्न बाध्य भयो, प्रस्ताव फिर्ता लिइयो । फेरि चैत २९ गते सरकारले संशोधन प्रस्ताव संसदमा दर्ता गरायो । तर यसलाई अगाडि बढाउन सकेन । सत्ता पक्षसँग संशोधनका लागि आवश्यक दुईतिहाई (३९६) मत नभएका कारण प्रस्ताव प्रक्रियामै लगिएको छैन । एमाले नेतृत्वको प्रतिपक्षी गठबन्धनसँग २०० को हाराहारीमा मत भएका कारण संशोधन प्रस्ताव पारित हुने सम्भावना नै छैन । संशोधन प्रस्तावलाई वेवारिसे छोड्दै प्रचण्डले पदबाट राजीनामा दिएका छन् । मधेस भूगोलमा निर्वाचनका वातावरण बनाउन उनी असफल रहे ।

प्रदेश नं. ३, ४ र ६ मा स्थानीय तहको निर्वाचन सम्पन्न गराइनु नै प्रचण्डको सफलता मान्न सकिँदैन । यी प्रदेशहरुमा मधेस केन्द्रित दलहरुको खासै प्रभाव बाँकी ८ पेजमा

## सहकार्य गर्ने सहमति

बाल विकास समाज तथा जर्मनीको One World Association बीच बालबालिकाको क्षेत्रमा सहकार्य गर्ने प्रारम्भिक सहमति भएको छ ।

गत आइतबार जेठ ८ गते दुई पक्षबीच जर्मनीको स्पायरमा भएको लन्चमिटिङमा उक्त मौखिक सहमति भएको बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले बताउनुभएको छ ।

उक्त मिटिङमा बाल विकास समाजको तर्फबाट सुरेन्द्र ढकाल तथा Dr. Susanne Roost तथा One World Association को तर्फबाट Josef Erdrich ले प्रतिनिधित्व गर्नुभएको थियो ।



सहमतिअनुरुप बाल विकास समाजले सुविधाविहीन बालबालिकाको शिक्षा र दिवा स्याहारसम्बन्धी प्रस्ताव बनाई दाता संस्थासमक्ष छिट्टै प्रस्तुत गर्ने छ । ढकाल गत मंगलबार ११ गते नै स्वदेश फर्किसक्नुभएको छ ।

## बाबुरामको प्रचण्डमाथि गम्भीर आरोप

काठमाडौं । माओवादी जनयुद्धका समयमा प्रचण्डका प्रमुख सहयात्रीका रुपमा रहेका डा. बाबुराम भट्टराई माओवादी परित्याग गरी नयाँ शक्तिको नेता बनेपछि प्रचण्डविरुद्ध आक्रमक बन्दै आएका छन् । पहिलो चरणको निर्वाचनमा नराम्रो पराजय झेलेर थला परेका नयाँशक्तिलाई दोस्रो चरणमा प्राण भर्ने उद्देश्यले प्रचारप्रसारमा जोडतोडले खटिन थालेका भट्टराई प्रचण्डविरुद्ध थप आक्रामक भएका छन् ।

नेपालीपत्र अनलाइनमा प्रकाशित समाचार र भिडियोअनुसार निर्वाचन अभियानमा कञ्चनपुर पुगेका भट्टराईले माओवादी अध्यक्ष प्रचण्डले केही कमान्डरहरुसँगको मिलेमतोमा शिविरको पैसा अर्बौं भ्रष्टाचार गरेको आरोप लगाएका छन् । त्यसैगरी उनले माओवादी सरकारमा हुँदा सञ्चार मन्त्रालयअन्तर्गत बीस अर्ब रुपैयाँ भ्रष्टाचार गरेको बाँकी ८ पेजमा

## औषधि उद्योगलाई प्रोत्साहन

काठमाडौं । स्वास्थ्य मन्त्रालयको जिम्मेवारीमा रहेका युवा स्वास्थ्य मन्त्री गगन थापाले यस क्षेत्रको सुधारमा केही ठोस पहल गरेका छन् । क्यान्सर, मिर्गौला, मुटु जस्ता ठूला रोगको उपचारमा जनतालाई प्रत्यक्ष राहत दिने नीतिका अतिरिक्त स्वदेशी औषधि उद्योगलाई प्रोत्साहित गर्ने नीति लिएर स्वास्थ्य क्षेत्रको सुधारमा प्रभावकारी कदम चालिएको छ । विदेशबाट ल्याइने औषधिमा दुई हजार प्रतिशतसम्म नाफा खाने गरेको रहस्य खुलेपछि औषधि माफियाहरु तिलमिलाउन पुगेका थिए ।

सरकारले स्वदेशी औषधि उद्योगलाई प्रोत्साहित गर्न ३७ प्रकारका औषधि विदेशबाट आयात गर्न रोक लगाउने भएको छ । सरकारको यो निर्णयको निजी क्षेत्रले स्वागत गरेको छ । नेपालमै उत्पादन हुने औषधिको बजारलाई सुनिश्चित गर्न आयातमा कडाइ गरेपछि आयातकर्ताहरु विरोधमा उत्रिएका थिए । जनस्वास्थ्यमा अपरिहार्य मानिने औषधिमा सबैभन्दा बढी नाफा खाने गरेको कारण आयातकर्ताले विरोध गर्नु उनीहरुको ठाउँमा स्वाभाविक भए तापनि उपभोक्ता मारमा पर्ने गरेका थिए ।

त्यसैगरी नेपालमै उत्पादन भइरहेका औषधिसमेत आयात हुने गरेकाले स्वदेशी औषधि उद्योगले प्रतिस्पर्धा गर्न सकेका थिएनन् । सार्वजनिक खरिद ऐनले समेत १५ प्रतिशतसम्म बाँकी ८ पेजमा

## माओवादीको तेस्रो हैसियत

काठमाडौं । राज्यपक्षसँग एकदशकसम्म सशस्त्र विद्रोह गरी शान्तिपूर्ण बहुदलीय राजनीतिक प्रतिस्पर्धामा अवतरण गरेको नेकपा माओवादीकै ठूलो हिस्सा हो अहिलेको माओवादी केन्द्र । सँगै विद्रोह गरेका डा. बाबुराम भट्टराईले नयाँ शक्ति गठन गरेर माओवादी कित्ता छोडे भने नेत्रविक्रम चन्द (विप्लव) ले नेकपा माओवादीलाई ब्युँझाउँदै संसदीय व्यवस्थाको विकल्पमा लागेका छन् ।

पछिल्लो समयमा उनले माओवादीलाई माने पनि आफूहरुलाई माओवादी भनिन रुचाएका छैनन् । महाधिवेशन समेत गरी नेकपा मात्र नाम राखेर उनी सशस्त्र गतिविधितिर आकर्षित देखिएका छन् । मोहन वैद्य, सीपी गजुरेल जस्ता पाका र अनुभवी माओवादी नेताहरु माओवादी क्रान्तिकारी भएर जनवादको जंघार तर्ने कष्टप्रद जमर्को गरिरहेका छन् । विप्लव नेतृत्वको नेकपा बाहेकका माओवादी घटकहरुले स्थानीय तहको प्रथम चरणको निर्वाचनमा भाग लिए । प्रचण्ड नेतृत्वको माओवादी केन्द्रबाहेक अन्यको चुनावी परिणामको स्थिति कहालिलाग्दो देखिएको छ ।


दोस्रो चरणको निर्वाचन खासगरी हिमाली र पहाडी क्षेत्रमा सम्पन्न भएको छ । माओवादी केन्द्रले निर्वाचनमा तेस्रो हैसियत पाएको छ । हिमाली र पहाडी जिल्लाहरुमा माओवादी केन्द्रको वर्चस्व देखियो । द्वन्द्वकालका आधार इलाकामा उसको विजय हुनु स्वाभाविक पनि हो । विप्लव नेतृत्वको नेकपाको चुनाव बहिष्कारको आवाजप्रति आधार इलाकाका जनताले बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## किन भयो राप्रपाको पत्तासाफ ?

**राजेन्द्र शर्मा**

पहिलो चरणको स्थानीय तह निर्वाचन परिणाम लगभग सार्वजनिक भइसकेको छ । राजनीतिक दलहरु निर्वाचन परिणामको समीक्षा गर्न थालेका छन् । कतिपय दलले निर्वाचन परिणामलाई अनपेक्षित भनेका छन् । यस्तो भन्नेमा संसदभित्रको चौथो ठूलो दल मुख्यतया राप्रपा छ । कमल थापाले कप्तानी सम्हालेको राप्रपाले स्थानीय तह निर्वाचनमा लज्जास्पद पराजयको सामना गरेको छ । राप्रपाको शर्मनाक पराजयसँगै हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रलाई जनताले अस्वीकार गरेको कतिपयको विश्लेषण सुन्न थालिएको छ । झन्डै पचासी प्रतिशत हिन्दू धर्मावलम्बीहरु रहेको मुलुकमा हिन्दूवादी दलकै यस्तो कन्तविजोग भएपछि क्रिश्चियनहरु सायद खुसी छन् । संवैधानिक राजतन्त्रको मागलाई समेत उठाउँदै आएको राप्रपाको हारले पूर्वराजा ज्ञानेन्द्रलाई समेत



निराश पारेको हुन सक्छ । यसबारेमा पूर्वराजाबाट कुनै प्रतिक्रिया आएको छैन । कमल थापाप्रति पूर्वराजा विश्वस्त नरहेको धेरै निर्मल निवास निकटहरु बताउँछन् । हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्र होइन, कमल थापाको अवसरवादको पराजय भएको उनीहरुको तर्क छ । राजनीतिमा गरिने बेइमानीलाई जनताले यसरी दण्डित गर्छन् भन्ने उनीहरुको ठहर छ ।

कमल थापा सही अर्थमा हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रका पक्षधर हुन्थे त उनी धर्मनिरपेक्ष गणतान्त्रिक संविधानलाई स्वीकारेर पटक पटक सत्ताको चास्नीमा डुब्ने थिएनन् । विप्लव नेतृत्वको नेकपाले संसदीय व्यवस्थाको विरोध गर्दै निर्वाचनमा सहभागिता जनाएन । उनको पार्टीको रणनीति छ एकीकृत जनक्रान्ति । लक्ष्य छ नौलो जनवादी शासन स्थापित गर्ने । निर्वाचनमा भाग लिएर जितेर जनवादी क्रान्ति पूरा नहुने ठानेर नै उनको दलले निर्वाचन बहिष्कार गरेको हो । नेकपा आफ्नो राजनीतिक उद्देश्यको मञ्जिलमा भविष्यमा पुग्ला नपुग्ला त्यो तपसिलको बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# गाउँघरमा नयाँ आशाको सञ्चार

झन्डै बीस वर्षसम्म स्थानीय निकायहरू कर्मचारीको नेतृत्वमा सञ्चालन भए भने राजनीतिक संयन्त्रका नाममा दलका स्थानीय नेताहरूले पनि त्यस्ता निकायमा प्रतिनिधित्व गर्ने गरेका थिए । जनताले भोट नदिएका प्रतिनिधि र कर्मचारीको मिलेमतोमा कतिपय स्थानीय निकायहरू भ्रष्टाचारका अखडामा रूपान्तरित बनेका थिए । गाविस सचिवले विकास निर्माणको बजेट मात्र होइन, वृद्धभत्ता समेत अनियमित तबरबाट आफैं खाने गरेका थिए । द्वन्द्वका कारण सदरमुकाममा नै अड्डा खोलेर बसेका सचिवहरूले एउटा मात्र नभएर तीनवटासम्म गाविसको जिम्मा लिएका थिए । जनताको सेवा गर्नेभन्दा पनि केही व्यक्तिलाई पैसा कमाउने गतिलो माध्यम स्थानीय निकाय बनेका थिए । अब परिस्थिति फेरिएको छ । स्थानीय निकायहरू संवैधानिक रूपले स्थानीय तहमा परिणत भएका छन् भने यिनको संख्या घटेको छ तर कार्यक्षेत्र असाध्य फराकिलो पारिएको छ ।

राजनीतिक दलहरूले गाउँघरमै सिंहदरबार भन्ने चुनावी नारा नै बनाएका थिए । सबै खाले अधिकारले सुसज्जित स्थानीय तहको कार्यान्वयनको लागि कोसेढुंगा सावित हुने पहिलो चरणको निर्वाचन समाप्त भएको छ । अब दोस्रो चरणको निर्वाचनबाट स्थानीय तहले पूर्णता पाउने छन् । संविधानले दिएको अधिकारअनुसार स्थानीय तहका सम्पूर्ण कार्यक्षेत्रहरू कार्यान्वयनमा आइसकेपछि साँच्चीकै जनताले सरल रूपमा राज्यबाट पाउने सेवा सुविधा प्राप्त गर्नेछन् ।

राजनीतिक दलका नेताहरूमा मौलाएको भ्रष्टाचारका कारण कर्मचारीतन्त्रसमेत असाध्य भ्रष्ट बन्यो । भ्रष्टाचार र कुशासनले गर्दा जनताको बेहाल भयो भने देश विश्वकै भ्रष्ट र कंगाल बन्न पुग्यो । दलहरूबीचको खिचातानीले लामो समयसम्म राजनीतिक संक्रमण भोगेको कारण स्थानीय निकाय जनप्रतिनिधिविहीन बन्न पुगेका थिए । यसको असर गाउँघरमा ज्यादै नराम्रो देखियो । स्थानीय तहको राजनीति गर्नेहरूसमेत गाउँ छोडेर सहर र राजधानीतर्फ पलाएन भए । विकास र राजनीतिमा छाएको गतिशून्यताले बेरोजगारी मौलायो । युवाशक्ति गाउँ छोडेर वैदेशिक रोजगारीमा जान बाध्य भए । गाउँघरको जिम्मेवारी बुढापाकाका हातमा आयो । युवाशक्तिविहीन गाउँघर गतिहीन र शून्य जस्ता बने । गाउँबाट सहर बसाइँसराइले तीव्रता पायो ।

स्थानीय तहको निर्वाचनले रित्ता गाउँहरूमा नयाँ आशाको सञ्चार जगाएको छ । विकासका योजना बनाउने, कार्यान्वयन गर्ने, शिक्षा, स्वास्थ्य सबै क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहले पाएकाले अब पक्कै पनि गाउँघरमा नयाँ उमंग छाउनेछ । गाउँघरको शून्यतालाई चिर्दै अब विकास निर्माण र पुनःनिर्माणको गति बढ्नेछ र फेरि पनि नयाँ पालुवा पलाउनेछ । तर नेताहरू भने जिम्मेवार बन्नैपर्ने हुन्छ ।

# अब आश्वासन खाने बाँच्ने होइन त ?



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**चुनावको दुई हप्तादेखि नै भोजभतेर खान पाएर दैनिक भत्ता समेत गोजीमा आएपछि कसले दिन्छ आमूल परिवर्तन र विकासलाई भोट ?**

स्थानीय चुनावमा ठूला भनिने तीन राजनीतिक दल एमाले, कांग्रेस र माओवादीकै वर्चश्व रहने गरी जनताले मत हालेपछि नेपालमा अझै केही वर्ष आश्वासनकै राजनीतिले निरन्तरता पाई देश अझै अधोगतितर्फ लाग्ने स्पष्ट भएको छ ।

जनताले यसपालि आमूल परिवर्तन पक्षमा मत हाल्नेछन् भन्ने आशाले ठूलो उत्साह लिएर आएका नयाँ राजनीतिक दलहरु तथा सामाजिक विकासको राजनीति गर्ने भनेर स्थापित भएको देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा जस्ता दलहरुलाई जनताले तिरस्कार गर्नुले जसरी नेताहरु राजनीतिकै माध्यमबाट रातारात नवधनाढ्य बनेका छन्, नेपाली मतदाताहरुले पनि त्यसरी नै उनीहरुलाई चुन्दा रातारात धनाढ्य हुन सकिन्छ भनेर होला उनीहरुलाई मत हालेको । काम गरेर धनी बन्ने जाँगर न नेता न मतदाता कसैमा पनि देखिएन । चुनावको दुई हप्तादेखि नै भोजभतेर खान पाएर दैनिक भत्ता समेत गोजीमा आएपछि कसले दिन्छ आमूल परिवर्तन र विकासलाई भोट ? कि त माओवादीले जस्तै जनयुद्ध भनेर १७ औं हजारको कत्तल गर्नुपर्ने रहेछ नेपाली मतदाताको मन जित्न कि त सकेसम्म ठूलो आश्वासनकै पोका फुकाउन । अब त झन् क्या मजा हिजो मन्त्रीको स्तरमा रहेको भ्रष्टाचार अब नगरपालिकाको मेयर अनि गाउँपालिकाको अध्यक्ष अनि वडा अध्यक्ष हुँदै वडा सदस्यसम्मै आइपुग्ने भएपछि । तलव भत्ता अनि कमिसन लिन अब सिंहदरबार पुग्नै परेन । खल्तिमै आइपुग्ने भो । अब हेर्नुपर्छ स्थानीयस्तरका नेताहरुको अनुहार कति चिल्लो हुनेछ भनेर आगामी पाँच वर्षभित्रै । नेताहरुमात्रै होइन उनीहरुका कार्यकर्ताले रित्याउने छन् विकासका बजेटहरु । कागज र तथ्यांकमा ठूला विकास देखिनेछन् अनि जनताको अनुहारमा भने चाउरीको चाउरी नै । त्यो हुनु पनि पऱ्यो नि उनीहरुलाई मत दिई विजय बनाइ कुर्सीमा लगेर बसालेपछि । अब आश्वाशन खाने बाँच्ने होइन त ?

# न्याय क्षेत्रमै प्रहार किन ?



**जगदीश लामिछाने**
रौतहट, पौराई

ठालुतन्त्रहरुबाट आक्रान्त विश्वलाई न्यायको उज्यालो किरण मात्रैले शान्ति प्राप्त हुनु स्वाभाविकै हो । सत्य, न्याय र सदाचारका उज्याला किरणलाई विश्वका धेरै भागमा ठालुहरुले नै वर्ण, जाति, धन, धर्म र प्रतिष्ठा आदि बहानामा बाधा विरोध देखाएपछि प्रजातन्त्रको उदय भएको हो । प्रजातन्त्रमा सबभन्दा अँध्यारो पक्ष न्यायमाथि हस्तक्षेप नै हो भने उज्यालो पक्ष निष्पक्ष न्याय नै हो । नेपालमा राम शाहका पालादेखि न्याय नपाए गोरखा जानु भन्ने उखानै छ ।

श्री ५ पृथ्वीनारायण शाहले त न्याय निसाफ बिगार्न्या भनेका घूस खान्या र दिन्या हुन् यी दुवैलाई सक्दो बढी सजाय गर्नैपर्छ भन्नु भएकै छ । यसैले न्यायको गरिमा कायम राख्न प्रजातन्त्रमा हामीहरुले काम गरेको ७ दशक पुग्न लागेको छ । आवश्यक तीनै अंगको व्यवस्था पनि गरिएको हो । त्यसमा पनि उत्प्रेषण आदि संवैधानिक अधिकार दिएर न्यायपालिकालाई धेरै महत्व दिइएको छ । उसले आफ्नो अगाडि परेका मुद्दामा निष्पक्ष न्याय दिनैपर्ने र विशेषाधिकार प्रयोग गरी विधायिका र कार्यपालिकालाई उचित बाटो हिँडाउने दुवै काम एकैसाथ गर्नुपर्छ । तर पनि न्यायपालिकामा १.पक्षपातपूर्ण भर्नाको व्यवस्था गर्नु २. लामो हातको आरोप लागिरहनु र ३. त्यसमा काम गर्ने न्याय स्नातक वकिलहरुको दलगत तथा व्यक्तिगत मनपरी । यी तीन बैगुन न्यायपालिका आफैंले पनि हटाउनैपर्छ । त्यही कुरामा कडा रुपमा कार्यरत रहेकी प्रधानन्यायाधीश सुशीला कार्की धन्यवादकै पात्र छिन् तर उनको कार्यकाल समाप्त हुनै लागेको बखत दलगत हमला हुनु अन्याय नै हो । संयुक्त राष्ट्र संघले यसमा चासो लिएर पत्र लेख्नु पनि स्वाभीवकै हो । बाँकी काम आगामी प्रधानन्यायाधीशबाट हुनै नै छ भन्ने आशा गरौं ।

आफू सत्तामा छु भन्दैमा जे पनि गर्नु हुँदैन । दलहरुले आफू सत्तामा छँदा आफ्ना कार्यकर्तामाथि लागेका मुद्दा फिर्ता लिए जसरी अहिले पनि टिकापुर घटनाका मुद्दा फिर्ता लिने नेपाल सरकारले निर्णय गरेको बुझिन्छ । अदालतमै पनि मुद्दामा मिलापत्रको चलन छँदै थियो । मुद्दाहरुमा पीडक पीडितहरुको पक्षबाट मिलापत्रको प्रस्ताव आउनु र पीडक पक्षले पीडित पक्षसँग माफी माग्नुपर्छ अनि मात्र साँचो शान्ति प्राप्त हुन्छ । नेपाल सरकारको सत्ता नै उत्ताउलो हुँदा कहिल्यै पनि शान्ति प्राप्त हुँदैन ।

हाम्रो वर्तमान काल भूतकालको प्रतिफलमै निर्माण हुने हो । यसैमा न्याय क्षेत्रले मार्गदर्शन गर्ने भनी सर्वोच्च अदालतले आफ्ना नजिर बनाउने गरेको छ । यसै कारण मुद्दा फिर्ता लिनु हुँदैन भनी सर्वोच्च अदालतले सरकारलाई जानकारी दिँदादिँदै आधारबिनाको महाभियोग र मुद्दा फिर्ता लिनु न्यायपालिकामा ठाडो हस्तक्षेप नै हो । नेपाली कांग्रेस जस्तो प्रजातन्त्रवादी संस्था सम्मिलित सरकारले गरेका यी कुरा तुरुन्त फिर्ता लिनुपर्छ । यस्ता गलत क्रियाकलापमा सुधार गरिएन भने नेपाली कांग्रेसको प्रजातान्त्रिक छवि नै धरापमा पर्ने निश्चित छ ।

प्रजातन्त्रमा शक्ति सन्तुलनको महत्व भएरै कार्यपालिका, विधायिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । न्यायपालिकाले कैयौं पटक देशलाई आपत्तिबाट जोगाएको छ । संविधानसभाले मनपरी गर्दा पहिले पनि सर्वोच्च अदालतले दोस्रो संविधानसभाको व्यवस्था गरेकै हो । मैले भनेकै हुनुपर्छ अरुले भनेको होइन भन्ने विशेषतः वामपन्थीहरुको उद्देश्य नेपालमा देखिने गरेको छ । यसैले नेपालीहरु विश्व प्रगतिमा पछि पर्नु परेको हो । अधिष्ठानको धरातलीय यथार्थ र करणहरुको मनस्थिति आदि ५ कारण अति वैज्ञानिक तत्व गीतामै उल्लेख भएकै छ । समयअनुसारको प्रयोगले भूतकालमा श्री ५ पृथ्वी र महेन्द्रले देखिने गरी सफलताहरु पाएको कसैले छेकेर छेकिँदैन । वर्तमान २०७४ वैशााख ३१ को स्थानीय निकाय चुनावले जनचेतनामा सरकारभन्दा नेपाली जनता नै अगाडि छन् भनी प्रस्ट देखाइदिएकै छ ।

यस बखत पनि शेष विश्वका स्वार्थी पर्यवेक्षकहरुलाई नेपाली राजनीतिमा खेल्न दिइएको भए यसरी यथार्थता प्रकट हुनेमा शंका नै थियो ।

तपाईं सत्तामा हुनुहुन्छ भने पनि माओवादी द्वन्द्व समाधानमा पीडित पक्षको नेपाली जनताको इच्छाविपरीत उनको मुखरित हुने बोली बन्द गर्नुभयो भने सत्ता आफैंलाई प्रत्युत्पादक हुनेछ । नेपाली जनताले सेना समायोजन र २०७२ को नेपालको संविधान निर्माण गरेकोबाट पाठ सिकिएन भने पुनः सत्ताले नै बेइमानी गरेको भनी जनसागरले नै भन्नुपर्ने अवस्था बोलाएको देखिनेछ ।

पीडितहरुलाई चित्तबुझ्दो शान्ति स्थापना नगरेसम्म यो सरकार र भावी सरकार समयको कठघरामै रहनेछन् । यत्ति पनि होस पुगेन भने अर्को द्वन्द्व निम्त्याउनु मात्र हुन्छ । हालै उत्तरी क्षेत्र चीनको प्रस्ताव नेपाल सरकारले भारतभन्दा पहिले स्वीकार गर्नु बुद्धिमानी नै हो । त्यसमा पनि पाइला पाइलामा फुकेर आफ्ना नेपाली जनतालाई मर्का नपर्ने गरी समन्वयको मूलमन्त्र जपेर सरकारले काम गर्नुपर्छ । समन्वय भन्नु नै यो देशभरका बहुसंख्यक राजनीतिक पक्षसँग मेलमिलाप कायम गरेर काम गर्न सरकारले चुक्यो भने शान्ति स्थापनामा पनि धक्का लाग्नेछ । यत्ति विचार गरौं । अनि मात्र देशमा दिगो शान्ति र विकासमा जनताको सहभागिता मिल्नेछ ।

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# केही गरे केही हुन्छ

यही नारायणगढको अर्को रोचक घटना छ । २०५० सालदेखि चितवन र नवलपुरमा वातावरण संरक्षण अभियानमा लाग्दा नारायणगढको मूल द्वारा गौरेश्वर तथा पशुपति मन्दिरवरपर र नदीकिनारका सुकुम्बासी टोलमुनि नारायणी नदी वर्षामा उर्लेर आउँछ । 'कुनै दिन नदीको तीव्र धारले त्यहाँ कटान गरी सिङ्गो नारायणगढ बजार डुबानमा पर्न सक्छ र भयावह स्थिति आउन सक्छ । तसर्थ बेलैमा त्यहाँ पक्का सिमेन्टेड पर्खालहरु बनाउनुपर्छ' भनिरहन्थें । बैठक, भेला, सभाहरुमा प्रसङ्ग जोडेर नारायणगढवासीलाई जगाइरहन्थें ।

२०६२ तिर एक दिन चितवन जाँदा मैले त्यसबारे पुनः चर्चा गर्दै स्थानीय जनता र साथीहरुलाई भनें, "प्रकृतिबाट उत्पन्न हुने स्थानीय समस्याबारे सचेत र सक्रिय हुनुपर्छ......।" पछि नारायणगढ क्षेत्रपुरका मेरा साथी पर्यावरणविद् कृष्णहरि देवकोटाले मलाई सोही ठाउँमा लगी देखाएर भने, "ल हेर, तिमीले भनेको यस्तै हैन त !" म दङ्ग परें । त्यहाँ नदीकिनारसम्म बनाइएको सिमेन्टेड प्रुफ त मेरो सोचाइभन्दा अधिक थियो । पर्यावरणीय राज्यसत्ता पनि यस्तै हो, जुन निकट भविष्यमा विश्वव्यापी निर्माण हुनेछ किनकि संसारकै सुरक्षाका लागि अर्को विकल्प छैन ।

काठमाडौं नयाँबजारस्थित रायमाझी टोलमा म २०६२-०६८ सम्म (झन्डै छ वर्ष) बसें । त्यहाँ रहँदा नजिकै पर्ने म्हेपी मन्दिरमा कहिलेकाहीँ बिहानको स्वच्छ हावाका लागि जाने गर्थें । वरपर सबैतिर समथर भूभाग तर म्हेपीमा एउटा थुम्को, त्यो पनि गोलाकार ! आश्चर्य नै मान्नुपर्छ । यो किन, कसरी र कहिले भयो ? भूगोलविद् टङ्क ओझाका पुत्र लुजेन्द्र ओझा, जसको टिमले मङ्गल ग्रहमा पानी भएको पत्ता लगाए । हाल लुजेन्द्र संयुक्त राज्य अमेरिकाको एउटा कलेजमा अध्ययनरत छन् । हो उनै लुजेन्द्र सानोमा 'आफ्नो घरनजिकको म्हेपीको थुम्कोबारे सोच्थे' भनेर छापामा आएको थियो । म पनि त्यस्तै मान्छे परें कि के हो, अरुले पत्ता नलगाएको पत्ता लगाउने र नसकेका कुराहरु सम्पन्न गर्ने स्वभावको । म्हेपीको थुम्को कहिले र कसरी बन्यो ? भन्ने सम्बन्धमा मेरो एउटा लेख छ 'दुई विद्वान्हरुको दुई अनभिज्ञता' शीर्षकमा । त्यसमा अर्का विद्वान्चाहिँ डा. बाबुराम भट्टराई हुन् ।

नेपालको जनयुद्धकालमा उनको एउटा लेख थियो– "चीनका माओत्सेतुङकी श्रीमती नेतृ च्याङचिङ सन् १९६६ मा एकाएक राजनीतिमा देखिनु र नेतृत्वमा समेत आउनु धेरैलाई रहस्यमय छ ।" डा. भट्टराई पनि च्याङचिङको पूर्वावस्थाबारे अज्ञात भएको लेखमा उल्लेख छ । मैले आफ्नो लेखमा ती दुवै विद्वान्हरुका अनभिज्ञताबारे प्रकाश पारेको छु ।

यहाँ प्रसङ्ग प्रकृति, पर्यावरण र म्हेपी मन्दिरको हो । स्थानीय प्रौढ तथा बृद्धहरु म्हेपी मन्दिरमा प्रायः सधैं भजनकीर्तन गर्छन् । माइकमा जोडिएको हार्मोनियम र तबलाको सङ्गीतमा दस-बाह्र जना मान्छेहरुको भजनको आवाजले सन्देश त राम्रै दिएको होला तर त्यहाँको सेरोफेरोमा त्यसैको कर्कस ध्वनिले नराम्रो असर पारिरहेको थियो । एकाबिहानै चर्को आवाज कानमा पर्नु सबैलाई हानि गर्नु हो । त्यसैले एक दिन भजनकीर्तनमा संलग्न बूढापाकाहरुबीच प्रस्ट पारें– "तपाईंहरुको भजन राम्रो छ । मलाई मन पर्छ तर यो कीर्तनको आवाज यसरी माइकमा जोड्नु भएन । माइकको चर्को आवाजले वरिपरिका मानिसलाई हानिनोक्सानी गर्छ । त्यसले धेरैको मुटुमा नराम्रो असर गर्छ । कानको जाली कमजोर पार्छ र मष्तिस्कलाई पनि आघात पुऱ्याउँछ । हिजोआज सहरबजारका धेरै मानिसहरुलाई ब्लड प्रेसरको रोग लाग्नुको मुख्य कारण जताततै गाडीको हर्न, म्युजिक, माइक र चर्को ध्वनि निकाल्ने कुराहरुले गरेका ध्वनि प्रदूषण हुन् । वास्तवमा यो माइकको ध्वनिको पहिलो असर तपाईंहरु आफैलाई हुन्छ, त्यसपछि अरुलाई । अब तपाईंहरु माइक जोड्नै पर्छ भन्नुहुन्छ भने सानो आवाजमा लगाउनुस्, कानै खाने गरेर होइन ।"

मैले त्यहाँ दुई-तीन पटक धैर्यसाथ सम्झाएपछि उनीहरुले पालना गरे । माइकको आवाज सानो बनाएर उनीहरुले आफ्नो भजनकीर्तन चालु राखे । त्यसले हजारौं-लाखौं मानिसहरुको मुटु, मस्तिष्क र कानको जाली बचाउन मद्दत गरेको छ भन्ने मलाई लाग्छ ।

२०५०/०५१ सालदेखि नै ५००-१००० बिरूवा म कहिले चितवन, नवलपुर त कहिले लमजुङ र तनहुँको बन्दिपुरमा लगेर वरपर वितरण गर्छु । अरु जिल्लाका साथीहरुलाई पनि प्रोत्साहन गर्छु । वर्षायाममा बिरूवाहरु खोज्न, लिन जान, ल्याउन, गाडीको छतमा राखी गन्तव्यसम्म पुऱ्याउन कति कठिन छ भन्ने कुरा वर्णन गरेर साध्य छैन ।

एक पटक युएन अफिसर नमस्तेलाल भूमि श्रेष्ठलाई लिएर काठमाडौं चाल्नाखेल गएको थिएँ । रातको समय, बिरूवाहरु ल्याउन ठूलो कष्ट भयो । "यो काम यति कठिन पनि हुने रहेछ !" उहाँ छक्क पर्नुभएको थियो ।

त्यस्तै २०६५ सालको वर्षामा मेरा पिता प्रेमकुमार प्रधानको स्मृतिमा मैले बन्दिपुरमा 'प्रेमकुमार स्मृति बिरूवा वितरण कार्यक्रम' राखी ५०० बिरूवाहरु वितरण गरेको थिएँ । पारिजात, जगरन्दा, बटलब्रुस, काँइयोजस्ता फूलहरु र धुपी, सल्ला, चाँप, अमला, लप्सी यस्तै हुन्छन् मैले विभिन्न ठाउँमा लाने बिरूवा । यही २०७० साउनमा पनि आमा तुलसीदेवीको स्मृतिमा झन्डै ३०० बिरूवाहरु वितरण र सार्वजनिक स्थलहरुमा रोप्ने काम भयो । यसपालि मैले दमौलीको भूसंरक्षण कार्यालयको नर्सरीबाट बिरूवाहरु लगेको थिएँ– कपुर, चाँप, रिट्ठा, अमला, दालचिनी आदि ।

झन्डै पन्ध्र वर्षअगि मैले उपलब्ध गराएको चाँपको बिरूवा बन्दिपुरका शिवलाल प्रधानले आफ्नै बारीमा हुर्काएर रहरलाग्दो रुख बनाउनुभएको छ । अब दस वर्षमा उक्त चाँपको रुखले ५० क्युबिक फिट काठ आपूर्ति गर्न सक्छ । गर्दा जे पनि हुन्छ भनेझैँ हरेक व्यक्तिले आफ्नो परिवारलाई चाहिने काठ, दाउरा, घाँस आफै उत्पादन गर्ने कार्य आजैदेखि थाल्ने हो भने वनविनाश पूरै रोक्न सकिन्छ तर हामीलाई खाँचो छ दृढसङ्कल्पको ।

(क्रमशः)

# मैले देखेको आठौं विश्व आश्चर्य : जापानको बुलेट ट्रेन


— सुरेन्द्र ढकाल —



बुलेट ट्रेन यस्तो देखिन्छ



बुलेट ट्रेनको भित्री भाग



बुलेट ट्रेनभित्र ओशाकामा सुरेन्द्र ढकाल




बुलेट ट्रेन स्टेसन टोकियोमा सुरेन्द्र ढकाल



कहीं पुलमाथि



कहीं समुद्रमाथि



अनि कहीं हिमचुलीको फेदीबाट

सन् २००५ सेप्टेम्बरको कुरा हो । म त्यतिखेर रोटरी क्लब डिल्लीबजारको अध्यक्ष भएको ३ महिनामात्रै पुगेको थियो । मभन्दा अगाडिका अध्यक्ष कालीप्रसाद पोखरेलको कार्यकालको अन्तिमतिर हाम्रो क्लबको भगिनी सम्बन्ध रोटरी क्लब सेतागाया टोकियोसँग भएको थियो । त्यतिखेर हाम्रो क्लबमा पाहुनाको रूपमा एक युवक मित्र घनश्याम गौतमजी पनि नियमित आउनु हुन्थ्यो । मेरो कार्यकाल १ जुलाई २००५ बाट सुरू हुनेबित्तिकै हाम्रो क्लबको संयोजनमा रोटरी इन्टरनेसनल र रोटरी क्लब सेतागायाको आर्थिक सहयोगमा ललितपुरका गरिब महिलाहरूका लागि ३ महिने सिलाईबुनाइ तालिम अनि तत्पश्चात् हरेक महिलालाई एक सिलाई मेसिन र व्यवसाय गर्न केही पुँजी दिने गरी प्रशिक्षण कार्यक्रम सुरू भएको थियो । प्रशिक्षण कार्यक्रम अगष्टमा सकिनु, मित्र घनश्यामजी परिवारसहित त्यतिखेरै पिएचडी गर्न ओशाका पुग्नु अनि त्यतिखेरे सेतागाया रोटरी क्लब टोकियोको दशौं जन्म दिवस पनि पर्नु र सो जन्मदिवसको प्रमुख अतिथि बनिदिन मलाई निमन्त्रणा आउनु जस्ता संयोगहरू एकैचोटी परेको कारण थोरै पैसामा जापान पनि घुम्न पाइने, बुलेट ट्रेन पनि चढ्न पाइनेदेखि म आफ्नो खर्चमा सेप्टेम्बरको एक तारिखमा नै त्यतिखेरको शाही नेपाल वायुसेवा निगमको बोइङ हवाईजहाजबाट ओशाका पुगी घनश्यामजीकहाँ गई डेरा जमाउन पुगे । खान बस्न मित्रका डेरामा निशुल्क पाएपछि के चाहियो ४ दिन मज्जाले ओशाका घुमियो । त्यसैबीच नेपालको गान्धीआश्रम गोठाटारमा सामुदायिक हल बनाइदिने ओशाकाका ५ वटा रोटरी क्लब हेर्ने असिस्टेन्ट गर्भनरसँग भेटघाट अनि दिवा भोज पनि भए । तत्पश्चात् ओशाकाबाट टोकियो हानिने क्रममा मैले संसारकै सबैभन्दा छिटो दगुर्ने बुलेट ट्रेन चढ्ने अवसर पाएँ ।


बुलेट ट्रेन

बुलेट ट्रेन जसलाई जापानी भाषामा सिनकान्सेन पनि भनिन्छ यसको कुल लम्बाई जापानभर गरी जम्मा २७६४ किलोमिटर रहेको छ । अधिकतम प्रतिघन्टा ३२० किलोमिटरसम्म दगुर्न सक्ने यस रेलको निर्माण सन् १९५९ बाट सुरू भई सन् १९६४ देखि सञ्चालनमा आएको हो । यस खण्डको कुल लागत २०० अरब जापानी येन लाग्ने भनिए तापनि निर्माण कार्य सम्पन्न हुँदा यसको कुल लागत दुई गुणा बढेर ४०० अरब जापानी येन पुगेको थियो । जापानका सबै मुख्य सहरहरूलाई जोड्ने योजना राखेको यस रेलवे सन् २०३१ मार्च महिनामा गएर सकिने बताइएको छ । त्यसपछि बुलेट ट्रेनले जापानको होन्सु, क्युसु र होक्काइडो टापुहरूलाई पनि जोड्ने छ ।

यस रेलवे प्रणालीको सुरूको खण्ड भनेको ओशाका टोकियो खण्ड नै हो जुन यस पंक्तिका लेखकले अनुभव गर्ने मौका पाएको थियो । यो खण्ड सबैभन्दा ब्यस्त खण्ड हो जसमा वार्षिक १५ करोड १० लाख यात्रु आवतजावत गर्दछन् । यसले हालसम्म कुल गरी ५ अरब यात्रु ओसारपसार गर्ने कार्य गरिसकेको छ । यो संसारकै रेलवे प्रणालीले बनाएको सबैभन्दा ठूलो रेकर्ड हो । यस खण्डको कुल क्षमता भनेको १३२३ सिट हो । सन् २००७ सम्म यो रेलवे प्रणाली नै विश्वको सबैभन्दा द्रुतगतिको रेलवे प्रणाली थियो । यस्तो रेलवे प्रणालीको विकास गर्ने जापान नै पहिलो राष्ट्र हो जसले पर्वतीय धरातलमा पनि यस्तो रेलवे प्रणाली विकास गर्न सकिन्छ भनेर प्रमाणित गरेर देखाएको हुँदा यसलाई मानव सभ्यताको विकासको अनुपम उदाहरण मानिएको छ । यस रेलवेको अवधारणा विकास गर्ने मुख्य व्यक्तिहरूमा चिफ इन्जिनियर हिदियो सिमा र जापान नेसनल रेलवेका अध्यक्ष सिन्जी सोगो थिए । पुरानो रेलवे प्रणालीबाट टोकियो ओसाका भ्रमण गर्दा ६ घण्टा ४० मिनेट लाग्दथ्यो भने यस बुलेट ट्रेन सञ्चालनमा आएपश्चात् चारै घण्टामा ओशाकाबाट टोकियो पुग्न सकिने भएको थियो । यस रेलवेको विकासले गर्दा जापानको दुई सहर टोकियो र ओशाका बीच उद्योग र व्यवसायमा ठूलै वृद्धि भएको थियो । टोकियो ओशाका खण्डको अपार सफलताको कारण यस रेलवे प्रणालीलाई लम्ब्याउने कार्य गरियो । जसअनुरूप सन् १९७५ मानै यस रेलवे पश्चिम जापानका ओकायामा, हिरोसिमा र फुकुओकासम्म पुग्यो । सन् १९८४ मा यस रेलवे प्रणालीको निजीकरण भएपछि यस रेलवे प्रणालीलाई झनै स्तरीकरण गरियो । जसअनुसार सन् २०१४ देखि माग्लेभलाइन जडान गरिएपछि यसको दगुर्ने गति बढेर प्रतिघण्टा ६०३ किलोमिटर पुगेको छ । १५०० भोल्टको डाइरेक्ट करेन्टले चल्ने यस रेलवेको एक्सलमा विद्युत जडान गरिएको हुन्छ । जापानको सहरहरूमा हुने ठूलो ट्राफिकजामको कारण यस रेलवे सबैक लागि सरल यातायातको साधन भएको छ । झन् सुरक्षाको दृष्टिकोणले भन्नु पर्दा दुर्घटनाको सम्भावना झण्डै शून्य नै छ ।

जापानजस्तो अति भूकम्प जोखिम धरातलमा पनि प्राकृतिक प्रकोपको कारण रेलवे दुर्घटना भएको हालसम्म कुनै रेकर्ड नै छैन । सन् २००४ अक्टोवर महिनामा आएको विनाशकारी भूकम्पले यस रेलवेको १० वटा डिब्बा ढलाए तापनि कुनै यात्रुको पनि हताहति भएको थिएन । अकोतर्फ विद्युतले चल्ने भएको हुँदा यो निकै वातावरणमैत्री छ । यस रेलवेको खराब पक्ष भनेको चाहिँ यसले उत्सर्जन गर्ने ध्वनि प्रदूषण नै हो जसको कारण यदाकदा यसको विरोध हुने गर्दछ भने हिमपात भएको बेलामा यो रेलवे पूर्ण गतिमा दौडन सक्तैन ।

## रातो मत्स्येन्द्रनाथको भोटो



काठमाडौं । रातो मत्स्येन्द्रनाथको बिहीबार जावलाखेलमा भोटो देखाइयो । नेपाल पञ्चांग निर्णायक समितिका सदस्य कीर्तिकिरण जोशी र ज्योतिष पूर्णमंगल जोशीले उक्त भोटो देखाउने साइत निकालेका हुन् । भोटो देखाएपछि रातो मत्स्येन्द्रनाथको जात्रा सकिन्छ । करिब १४ सय वर्षपहिले राजा नरेन्द्रदेवका पालामा मुलुकमा लामो खडेरी परेको तथा भोकमरी र महामारीबाट जनता अकालमा मरेपछि त्यसलाई रोक्न काठमाडौं, ललितपुर र भक्तपुरका तान्त्रिकले भारतको कामरूप कामाक्षबाट मत्स्येन्द्रनाथलाई नेपाल भित्र्याएको बताइन्छ ।

परापूर्व कालमा कर्कट नागकी श्रीमतीको आँखाको उपचार गरेबापत एक किसानले उपहारस्वरूप पाएको बहुमूल्य गहना र हीराजडित भोटोसम्बन्धी विवाद मिलाउन हरेक वर्ष रातो मत्स्येन्द्रनाथको भोटो देखाउने जात्राको परम्परा रहिआएको छ । हरेक वर्ष रातो मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रामा गुठी संस्थानका प्रमुखले 'यो भोटो कसको हो' भनी देखाउने गर्छन् । कसैले सप्रमाण आएमा भोटो दिनुपर्छ भन्ने दाबी पनि गरिँदै आएको छ । परापूर्व कालमा नागराजकी श्रीमतीको आँखा दुखेपछि स्थानीय कृषकले तन्त्रमन्त्रद्वारा आँखा निको पारेपछि सो भोटो उपहारस्वरूप नागराजले दिएको किंवदन्ती छ ।

## सगरमाथामा दलाईको झण्डाबारे सर्वत्र चासो

काठमाडौं । विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा एक हिमाल आरोहीले दलाई लामाको झण्डा गाडेका छन् । तर दलाई लामाको झण्डा फहराउने व्यक्ति तिब्बतियन नागरिक वा नेपाली हुन् भन्ने खुलेको छैन । एक चीन नीतिप्रति प्रतिबद्ध रहेको नेपालमा भएको यस्तो गैरकानुनी कार्यबारे नेपाल सरकारले छानविन सुरु गरेको छ ।

अहिलेसम्म फर्फराइरहेको उक्त झण्डालाई सरकारी निकायहरुले हटाइदिन सगरमाथा चढिरहेका हिमाल आरोहीहरुलाई आग्रह गरेका छन् । पर्यटन विभागका महानिर्देशक दिनेश भट्टराईले भने यस विषयमा छानविन भइरहेको बताए । उनले नेपालकै संयन्त्रबाट त्यस्तो सूचना सरकारलाई आएको र उक्त कार्यमा संलग्नको खोजी भइरहेको बताए ।

पर्यटन विभागले उक्त झण्डा र तस्बिर कसरी सर्वोच्च शिखर सगरमाथासम्म पुग्यो भन्नेबारे आश्चर्य प्रकट गरेको छ । हरेक हिमाल आरोहीको हिमाल चढ्नुअघि सुरक्षा जाँच हुन्छ । तोकिएको भन्दा बाहेक अन्य घातक वा गैरकानुनी वस्तुहरु लान नपाउने नियम छ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

विकासको नाममा सहयोग गर्नेहरुले हाम्रा आचरण र नैतिकतामा असर पुर्‍याउँछन् कि भनी सजग र सचेत होऔं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ इन्दिरा खनाल

# सानैमा बिहे, उमेर पुगेपछि एक्लै

**बाबुआमाले सानैमा छोरीको विवाह गरिदिनाले मधेसी समुदायका थुप्रै किशोरी पीडित छन् । उमेर पुग्दा-नपुग्दै केटाले अस्वीकार गर्न थालेपछि अहिले धेरैजसो यस्ता किशोरी माइतीमै बस्न बाध्य छन् ।**



रूपन्देही । करौता- १ की मीना हरिजनको सात वर्षको उमेरमा दयानगर बगाहाका हरुद्वार हरिजनसँग विवाह भयो । विवाह भएर गौना भएको तीन वर्षपछि उनी घर निकाला भइन् । घर निकाला भएदेखि नै मीना माइतीमै छिन् । 'कुनै झै-झगडा पनि भएको होइन, तर किन हो घरबाट निकाले । कारण थाहा छैन,' मीना भन्छिन्, 'घरमा आए मार्ने भनेका छन् ।' उनका जुम्ल्याहा छोरा छन् ।

रूपन्देहीकै फरेनाकी मोबिना खातुनको ११ वर्षको उमेरमा विवाह भयो । दुई वर्षपछि श्रीमान्ले उनलाई घरबाट निकाले । त्यसपछि माइतीमै छिन् । सानो उमेरमा विवाह भएकाले न पढ्न पाइन्, न अब स्कुल जान सक्ने वातावरण छ । समस्यामा छिन् उनी ।

रूपन्देहीमा बालविवाहका कारण धेरै किशोरी पीडित छन् । तिनैमध्येकी हुन्-कम्हरियाकी पूजा साहनी । सात वर्षअघि सूर्यपूराका सुरेन्द्र साहनीसँग विवाह भए पनि उनले पूजालाई घर भित्र्याउन मानेनन् । एक वर्षअघि हुनुपर्ने गौना अहिलेसम्म भएको छैन । मधेसी समुदायमा छोरीको सानैमा विवाह गरेर केही समय माइतीमा छोडिदिने र उमेर पुगेपछि पुनः अन्माएर लैजाने प्रचलनलाई गौना भनिन्छ ।

अभिभावकले चाहेको बेलामा आफ्ना नाबालक छोरीको विवाह गरिदिने परम्पराले किशोरी पीडित छन् । विवाह के हो भनेर नबुझ्दै भएका विवाहले अधिकांश बालिका युवा अवस्थामा पुग्दा अलग हुन बाध्य छन् । कम्हरियाका सामाजिक अगुवा बालमुकुन्द हरिजन पुन्य पाइन्छ भनेर सानैमा कन्यादान गरिने चलनले बालिकाको बिहे चाँडै हुने गरेको बताउँछन् ।

जिल्लामा बालविवाह कायमै छ । पाँच वर्षअघि चुनौती नामक गैरसरकारी संस्थाले जिल्लाका बोगडी, सिपवा, बेतकुइया, पट्खौली, पजरकट्टी र सूर्यपुरा गाविसमा गरेको अध्ययनअनुसार ८९ प्रतिशत किशोरीको विवाह १८ वर्ष नपुग्दै हुने गरेको पाइएको थियो । नेपालमा अहिले २० वर्ष नपुग्दै हुने विवाहलाई कानुनले बन्देज गरेको छ । तर, कानुनबारे धेरै अभिभावक अनभिज्ञ छन् । चुनौतीको अध्ययनअनुसार समाजका आठ प्रतिशत मानिसलाई मात्रै १८ वर्ष नपुग्दै गरिने विवाह गैरकानुनी हो भन्ने जानकारी छ । अहिले विवाह गर्ने उमेर केटा/केटी दुवैको २० वर्ष पुऱ्याइएको छ ।

बालविवाह तराईका दलित तथा विपन्न समुदायमा बढी छ । कतै रजस्वला नहुँदै विवाह गरिदिँदा पुन्य प्राप्ति हुने विश्वासले सानैमा विवाह गर्ने प्रचलन छ भने विपन्न समुदायमा कम उमेरमा विवाह गर्दा कम दाइजो दिए पुग्छ भन्ने बुझाइ छ । दाइजो कम दिए पुग्ने भनेर धेरै अभिभावक छोरीको कम उमेरमै विवाह गर्छन् ।

नौ प्रतिशतले छोरीको विवाहमा नगदी तथा जिन्सीको रूपमा दुई लाखभन्दा बढी खर्च गर्ने गरेको अध्ययनले देखाएको छ । ८९ प्रतिशतले गहना, ७६ प्रतिशतले साइकल, २३ प्रतिशतले मोटरसाइकल र ११ प्रतिशतले दाइजोको रूपमा टिभीलगायतका अन्य सामान दिनुपरेको चुनौतीको अध्ययनले देखाएको छ ।

तराईमा छोरीको सानैमा विवाह गर्ने अनि गौना गर्ने प्रचलन पुरानै हो । धार्मिक विश्वासमा रहेको यो प्रचलनले मधेसी समुदायका महिला बढी पीडित छन् । लुम्बिनीका पत्रकार वीरेन्द्र मिश्रको पनि भनाइ उही छ । उनी भन्छन्, 'मूल कुरा छोरी ठूलो भएर विवाह गर्दा बढी दाइजो दिनुपर्ने तथा रजस्वला नहुँदै विवाह गरे पुन्य मिल्ने भन्दै धेरै अभिभावक आफ्ना छोरीको सानै उमेरमा विवाह गर्छन् । जब उमेर बढ्दै जान्छ उनीहरूमा आउने परिवर्तनले समस्या ल्याउँछ ।' पत्रकार मिश्र भन्छन्, 'शिक्षा नभएसम्म यो कुप्रथा हटाउन गाह्रो छ, जनचेतना जगाउन सबै लाग्नुपर्छ ।'

मधेस मानवअधिकार गृह कपिलवस्तुका अध्यक्ष पत्रकार रवि ठाकुर तराईका दक्षिणी क्षेत्रमा अहिले पनि बालविवाहको ठूलो समस्या रहेको बताउँछन् । उनका भनाइमा बालविवाहले तराईका बालिका शिक्षाबाट वञ्चित छन् भने अभिभावक आर्थिक हिसाबले समस्यामा छन् । बालविवाहका कारण तराईमा बहुविवाह बढेको उनको भनाइ छ । पत्रकार ठाकुर भन्छन्, 'धेरैजसो बालिकाको सानैमा विवाह हुन्छ । विवाह भएपछि सिन्दुर लगाउने चलन छ । उनीहरू सिन्दुर लगाएर विद्यालय जान मान्दैनन् ।'

बालविवाहले केटा पक्षभन्दा केटी पक्ष बढी पीडित हुन्छन् । मर्चवारका पत्रकार राजकुमार धवल भन्छन्, 'केटा पक्षले विवाह गरेर गौना नगरे पनि निश्चित रकम दिएर उम्किन्छन् । तर, गौना बिग्रेको केटीको विवाह हुन समस्या हुन्छ । यस्ता किशोरीले मधेसी समुदायमा न्याय पाउने सम्भावना कम हुन्छ ।'

बालविवाहले अभिभावक समस्यामा पर्छन् । रूपन्देहीको कम्हरियाका साधु हरिजनले जेठी छोरी सुख्खन हरिजनको ११ वर्षको उमेरमा नवलपरासीको सुनवलमा विवाह गरिदिए । तर, केटाले मानसिक सन्तुलन ठीक नभएकी भन्दै घर निकाला गरेपछि सुख्खन अहिले माइतीमै छिन् । छोरीको घर बसाउन साधुले अनेकन उपाय गरे, तर पार लागेन । 'दुई-दुईपटक चौकीमा गएँ, समाज बस्यो, केटाले लैजान मान्दैन,' साधु दुःखेसो पोख्छन् ।

तीन लाख रुपैयाँ खर्च गरेर विवाह गरिदिएकी कम्हरियाकै रीता साहनी पनि अहिले समस्यामा छिन् । सात वर्षअघि छोरी पूजाको विवाह गरिदिएकी उनी गौना गर्ने समयमा केटाले नमानेपछि समस्यामा परेकी हुन् । गौनाको कुरा गर्दा आफूले मेलामा देखेको भन्दै चरित्रमा प्रश्न उठाएर गौना गर्न नमानेको रीता बताउँछिन् । रीताका ज्वाइँ सुरेन्द्र साहनीले गौना नगरेबापत तिर्नुपर्ने जरिवाना तिर्न तयार भएको बताए । जरिवानाबापतको रकम बुझेर केटा पक्षलाई उम्कन दिने पक्षमा रीता छैनन् । रीता भन्छिन्, 'विवाह गरेकी आफ्नी श्रीमतीलाई लैजान्न भनेर अर्काको छोरीको इज्जतमाथि खेलवाड गर्न पाइन्छ ?'

विवाहबारे किशोरकिशोरीमा सामान्य जानकारी नहुँदै अभिभावकको बाध्यतामा गरिने विवाहले नै समस्या ल्याइरहेको छ । पछिल्लो समयमा विभिन्न सङ्घसंस्थाले सञ्चालन गरेका जनचेतनामूलक कार्यक्रमले बालविवाहलाई हेर्ने दृष्टिकोणमा केही फरक आएको भए पनि बालविवाह भने रोकिएको छैन ।

*(सञ्चारिका फिचर सेवा)*

# बालमैत्री शिक्षण सिकाईको अभ्यास

**अर्जुन तामाङ/ कविलास नुवाकोट**

नुवाकोट जिल्लाको कविलासमा बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि स्थानीय बिद्यालयहरु पनि बालमैत्री हुन थालेका छन् । स्थानीय कालिका माविका बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष राजेन्द्र मिश्रकाअनुसार बिद्यालयहरु भूकम्पपछि पुनर्निर्माणका क्रममा रहेकाले तत्काल बालमैत्री शिक्षण सिकाई सुरु गरिएको बताए ।



बालमैत्री शिक्षण सिकाई भनेको भयमुक्त सिकाइ हो । शिक्षाबिद् बिद्यानाथ कोइरालाकाअनुसार यस्तो शिक्षण सिकाई बिद्यालयमा बालसुलभ र बालमैत्री वातावरणको व्यवस्था गरेर गर्न सकिन्छ । यसका लागि भयमुक्त कक्षाकोठा र विद्यालय वातावरणको व्यवस्थापन, सहकार्य र बाल सहभागिताद्वारा सिकाइको वातावरण, सहभागिता, बालसुलभ गीत र बालसुलभ क्रियाकलापहरू समावेश गरेर बालमैत्री शिक्षण सिकाई गर्न सकिने शिक्षाबिद्हरुको मान्यता छ । धेरै बिद्यालयहरुमा बालबालिकालाई माया गर्नुको सट्टा गाली गलौज गर्ने र हप्काउने गरिन्छ, तर बालमैत्री शिक्षण सिकाईमा शिक्षकले राम्रो शब्द प्रयोग गरी बालबालिकाको कुरा भन्न प्रोत्साहित गरिन्छ र सबै बालबालिकासँग समान व्यवहार गर्ने प्रयास गरिन्छ ।

बालमैत्री शिक्षण गरिरहेका शिक्षकहरुको भनाईमा बालबालिकालाई स-साना कुराहरूमा हप्काएर/गाली गरेरभन्दा आफ्नो व्यवहार र कार्यको समीक्षा गर्न लगाई स्वयम् निर्णय गर्न दिएमा सकारात्मक नतिजा निस्केको अनुभव छ । 'हामीले बिद्यालयमा छडीको प्रयोग निषेध गरेका छौं' सन्जीवनी माविका शिक्षकले बताए । उनको भनाईमा विद्यार्थीलाई अनुशासनमा ल्याउन छडी नै चाहिन्छ भन्ने मान्यता गलत हो । बालमैत्री शिक्षण सिकाईमा बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार नगरी समस्या समाधान गर्न सकिन्छ ।

'बालबालिकालाई दिइने सबैप्रकारको शारीरिक सजाय अन्त्य गर्न विश्वव्यापी अभियान जारी रहँदा नेपालमा पनि बालमैत्री शासन अवलम्बन भई यसको सकारात्मक प्रभाव पर्नु खुशीको कुरा हो' त्रिभूवन बिश्व बिद्यालयका प्राध्यापक गुणनीधि चापागाईले बताए 'अध्ययनअनसुार विश्वमा विद्यालय जाने बालबालिकामध्ये ५७ दशमलव ७ प्रतिशतले कुटाई, पिटाइ, कोर्राजस्ता विभिन्न प्रकारका शारीरिक सजायहरू पाउने गर्दछन् । यसप्रकारको सजायले बालबालिकाको सिकाई गुणात्मक हुन नसक्ने भएको हुँदा बिश्वमा नै भयरहित शिक्षण सिकाईका विभिन्न पहलहरु जारी छन् । फलस्वरुप विद्यालयहरूमा शारीरिक सजायको अभ्यास गर्ने प्रवृत्ति घट्दो छ । एक सय छ राष्ट्रहरूले विद्यालयमा र २४ राष्ट्रले घरमा समेत यसको अभ्यासमा कानूनीरुपमा प्रतिबन्ध लगाइसकेका छन् । नेपालमा पनि यो समस्यालाई न्युनकरण गर्न बालमैत्री शासनले प्रेरित गर्दछ ।'

गत मंसीर महिनामा सम्पन्न तत्कालीन कविलास गाविसस्तरीय बालभेलाका क्रममा बालबालिकाहरुले भयमुक्त शिक्षण सिकाईको माग गरेका थिए । बालभेलाका क्रममा बालबालिकाले स्थानीय सबै बिद्यालयहरु बालमैत्री हुनु पर्नेमा जोड दिएका थिए । बालभेला आयोजना गरिँदा ८ देखि १३ वर्ष समूहका बालक र बालिकाको संयुक्त समूह र ८ देखि १८ वर्षका बालक र बालिकाको फरक फरक समूह बिभाजन गरी ती समूहबाट चित्रमार्फत् मन परेको र नपरेको कुरा व्यक्त गर्न लगाईने बिधि रहेको छ । यो बिधि प्रयोग गर्दा तीनै समूहले बालमैत्री स्थानीय शासनको चाहना राखेका थिए ।

कविलास गाविस हालको स्थानीय तह पुनर्संरचनापछि पन्चकन्या गाउँपालिकाको वडा नम्बर दुई बनेको छ । चौघडाका वडाहरु १, २ र ३, थप्रेक, भद्रुटार, पञ्चकन्या र कविलास सहितको पन्चकन्या गाउँपालिकाको भौगोलिक सीमांकन भएर नयाँ स्थानीय तहको सो संरचना बनेको हो ।

बाल हिंसा बिद्यालयमा पनि हुन्छ भन्ने मान्यताका साथ बालमैत्री बिद्यालयको अवधारणा आएको हो । नेपाल सरकार शिक्षा मन्त्रालयले बालमैत्री बिद्यालयको अवधारणा ल्याएको छ ।संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धीले बालबालिकामाथि हुने हिंसा अन्त्य गर्न पहल गरेको छ । यि प्रतिवद्धता कार्यन्वयन गर्नु भनेको बालबालिकालाई क्रुरताबाट जोगाएर मायालु वातावरणमा हुर्काउने बिश्वव्यापी मान्यता हो ।

पढ्न पाउँने अधिकार संरक्षित भएर मात्र बालअधिकार सुरक्षित नहुने बिचार तत्कालीन कविलास गाविसका गाविस सचिब महेन्द्र बहादुर नेपालले भने ' बालबालिकाको शैक्षिक अधिकारलाई स्वीकार गर्दै समान अवसरका आधारमा शिक्षा प्राप्तिको अधिकारको उपयोग गर्ने वातावरण तयार पार्न निरन्तर रूपमा प्रयास रहने गाविसका सबै सरोकारवालाको एक मत छ ।'

स्थानीय कविलासका दिल बहादुर श्रेष्ठले 'बालबालिकाले सिक्न नसक्नु वा सिक्न नचाहनुको कारण पत्ता लगाउनुको साटो हामीले उनीहरूलाई सजाय मात्र दिन थाल्यौं भने उनीहरूमाथि त्यसको असर नकारात्मक रूपमा पर्दछ । बालबालिकाले पढेनन् वा काम गरेनन् भनेर उनीहरूलाई सजाय र गाली मात्र गर्नुको साटो सोको कारण पत्ता लगाउनतर्फ केन्द्रित भयौं भने बालबालिकाको जीवन सार्थक हुन सक्छ' भनेर यो अभियान थालिएको बताए । उनले भने 'शिक्षकले कमजोर वा नपढ्ने विद्यार्थीहरूलाई पिट्ने, हकार्ने, होच्याउने वा तर्साउने काम नगरेर, बरु उनीहरूसँग मित्रवत वातावरणमा कुरा गर्नुपर्छ, उनीहरूले झेल्नु परिरहेका समस्या पत्ता लगाउने प्रयास गर्नुपर्छ र समस्या समाधानतिर लाग्ने कोशिस गर्नुपर्छ ताकि बालबालिकाको पढ्न पाउने अधिकारले सार्थक रूप पाउन सकोस् ।' काठमाडौं बिश्वबिद्यालयका मनोसामाजिक बेत्ता डा. करुणा क्षेत्रीको भनाईमा बालबालिकाहरूलाई अहिलेको शिक्षणमा निकै बढी गृहकार्य दिईने चलन छ । गृहकार्यले विद्यार्थीहरूलाई व्यस्त बनाउन त सहयोग गर्छ तर सँगसँगै उनीहरूले बढी समय लगाएर मेहनतका साथ काम गर्नुपर्ने तनाव हुन्छ । अर्को तनाव बालबालिकालाई परीक्षाको चिन्ता हुन्छ । परीक्षाका सन्दर्भमा गरिने बढी चिन्ताले जाँचका बेलाको लेखाइलाई प्रभावित पार्ने कुरा केही अध्ययनहरूले देखाएको छ । यसैले बिद्यालयले बालबालिकाको तनाव न्यून गर्ने उपाय खोज्नु पर्छ ।

उनको सुझाव छ, 'विद्यार्थीहरूबाट वास्तविक अभिव्यक्तिलाई सुनिश्चित पार्नका लागि कक्षा कोठाको वातावरणलाई बढी व्यवहारिक बनाउनुपर्छ । बालबालिकाहरूको भावनाको कदर गर्दै शिक्षकले आफ्नो बोली-व्यवहारलाई बढी सरल र सौम्य बनाउनुपर्छ ।'

*–साभार: मीरेष्ट लेखमाला*

कथा

# मुसाफिर

आलोक

विगत सम्झिँदा ऊ भावुक बन्थ्यो । 'मेरी आमा मरेपछि बाबुले कान्छी स्वास्नी ल्याए । त्यसपछि म मुगलान पसेको । सत्र वर्षको थिएँ त्यतिबेला । घरबाट भागेर दिल्ली पुगेँ । पहाडगञ्जमा मेरा मामा एउटा होटलमा वेटर थिए । उनैले काम मिलाइदिए । दिनमा तीन सय वटासम्म थाल माझ्नुपर्थ्यो । आफ्नो 'नसिब' नै त्यस्तो । पचास वर्षको भएपछि गाउँमा फर्कें । यस्तै र' छ जिन्दगानी ...।'

ऊ एक्लै बोलिरह्यो । धेरै पढेको थिएन उसले । पहाडमा सात कक्षा पढेको थियो तर उसको स्मरण शक्ति गजबको थियो । '१९८४ को ३१ अक्टोबरमा इन्दिरा गान्धीको हत्या हुँदा म दिल्लीमै थिएँ । पञ्जाबी बडिगार्डहरुले मारे । ती सबै नमकहलालहरु । हजारौं पञ्जाबी अनाहमा मारिए । उनीहरु निर्दोष थिए तर 'बेचारा' सरदारहरुलाई बदला लिए मान्छेहरुले । जातको कुरा उठेपछि मान्छे बौलाउँदो रहेछ...।'

गाउँका केटाहरु ट्वाल्ल परेर उसका कुरा सुन्थे । साठी वर्ष पुग्न लागे पनि ऊ तन्दुरुस्त थियो । नागरिकता प्रमाणपत्रमा उसको नाम लेखिएको थियो- दिलबहादुर कार्की छेत्री । तर उनलाई गाउँलेहरु 'मुसाफिर' भन्थे । मुसाफिरलाई नचिन्ने कोही थिएनन् गाउँमा । नयाँ मान्छे देख्नासाथ ऊ फुर्तिसाथ हात मिलाउँथ्यो र आफ्नो परिचय दिन्थ्यो- मेरो नाम दिलबहादुर मुसाफिर ।' 'कहिले दिल्ली, कहिले पञ्जाब, कहिले गोवा, कहिले विशाखापट्टनम । धेरै 'जगा' काम गरें । त्यसैले त म मुसाफिर ...।' ऊ आफ्नो नामको अर्थ बताउँथ्यो ।

मुसाफिरका कोही छैनन् तर उसले गाउँलाई नै आफन्त बनाएको छ । 'दिल्लीमा एउटी पञ्जाबी केटीसँग बिहे गरेको थिएँ । पारा मिलेन । एक वर्षपछि त्यो केटी पोइल गई । त्यसपछि अर्को बिहे गर्न मन लागेन । आइमाईहरु बेइमान हुन्छन् । आफ्नो मतलब पूरा गरेपछि लोग्नेमान्छेलाई 'बेबकुफ' बनाउँछन् ।' उसले घृणा व्यक्त गऱ्यो ।

मुसाफिरले धेरै सहर चहाऱ्यो । धेरैको सेवा गऱ्यो । धेरै कुरा भोग्यो । घृणा, माया, धोका, घात प्रतिघात, इमान, बेइमानी, सेवा, उपकार, दया, धर्म सबैका रुपहरु देखेको छ उसले । ऊ धाराप्रवाह बोल्छ तर झूटो बोल्दैन ।

'पहाडगन्जमा मुमताज भन्ने कास्मिरी केटी थिई । ओहो, कस्ती राम्री । राजकुमारी जस्ती...।' मुसाफिर पुराना दिनहरु सम्झँदै भन्छ । ऊ खैनीले काला भइसकेका दाँत देखाउँदै हाँस्छ । भाइ, मैले जीमखानामा काम गरें । लुधियानाको कपडा मिलमा लोडर भएँ । सुरतमा एउटा मारवाडीको घरमा चौकीदार भएँ । दिल्लीमा होटलमा भाँडा माझेँ । पानीजहाजमा काम गर्न विशखापट्टनम पुगेँ । गोवामा होटलको माली भएँ । ओहो कति दुःख र हन्डर खाएँ । त्यसको कुरै नगरौं । भारतमा गएर काम गर्ने लाखौं नेपालीहरुको कथाभन्दा खासै फरक छैन उसको कथा । ऊ हँसिलो छ, रसिलो छ र फरासिलो छ । गाउँमा बीस रोपनी जग्गा र घर किन्दा भारु सात लाख त्यसमै खर्च भयो । झन्डै बीस वर्षमा उसले कमाएको त्यति नै हो । तर ऊ सन्तुष्ट छ यसमा ।

'जिन्दगी केही छैन भाइ । आज छ । भोलि छैन । मरेर लानु के छ र ? मुसाफिरले बुझेको जीवनको परिभाषा त्यही हो । अरुको हानि नोक्सानी गर्ने मान्छेलाई मुसाफिर 'हरामी' भन्छ । त्यस्तालाई झुण्ड्याउनुपर्छ भन्छ ऊ । मायालाई ऊ 'भरम' भन्छ ।

गाउँका ससाना केटाकेटीलाई 'मुन्ना' र 'मुन्नी' भनेर बोलाउँछ । 'राम्रो' भन्नुपऱ्यो भने खुसी व्यक्त गर्दै ऊ भन्छ- 'अच्छ...।' हिन्दीको प्रभाव छ उसको भाषामा ।

'कान्छ' 'बहादुर' भनिने लाखौं नेपालीहरुले भारतमा काम गर्दा सास्ती र अपमान सहेका कण्ठस्थ छ उसलाई । मुसाफिर आश्चर्य व्यक्त गर्छ- 'उहिले राणाजीका पालादेखि लाखौं नेपालीहरु इन्डियामा दर्बान, कुल्ली, चौकीदार भए । क्यानाम, गणतन्त्र हो कि के भन्छ, अहिले पनि उस्तै छ यार... । जनताका छोराछोरीले कहिले सुख पाउने ? उसलाई राजनीति मन पर्दैन । चियादोकानमा राजनीतिक गफ चुटेर बस्नेहरुलाई ऊ भन्छ- 'फाल्तु कुरा किन गर्नुहुन्छ ? बरु घरमा गएर आँगनमा झाडु लगाउनुहोस् । बारीमा काम गर्नुहोस् । पोलटिक्सले मान्छे बिगार्छ...।'

एक्लै बसे पनि मुसाफिर चिटिक्क परेको लुगा लगाउँछ । घरका भाँडाकुँडा माझेर टल्काउँछ । घरआँगन सधैं सफा राख्छ । आँगनमा उसले मखमली, सयपत्री, चमेली, गोदावरी, डेलिया, गुलाब र बाह्रमासे आदि रंगीबिरंगी फूलहरु लगाएको छ । हरियो टिनको छानो लगाएको काठको घर छ मुसाफिरको । हिन्दी उपन्यासहरु छन् दराजमा । बिहान पाँच बजेतिर उठेर ऊ कसरत गर्छ । एक गिलास चिया खाएर ऊ नुहाउँछ र पूजापाठ गर्छ । अनुहारमा कतै चाउरी देखिँदैन । ऊ कहिल्यै उदास देखिँदैन । कहिले निराश भएर बस्ने गर्दैन । जीवन भनेको उल्लासमय हुनुपर्छ भन्ने उसको मान्यता छ ।

एक-डेढ महिनामा ऊ साथीहरुका घरघरमा गएर हालखबर सोध्ने गर्छ । करफोकका विमलबहादुर नामसालिङका अर्जुन, सोक्तिमका काइँला मगर, इलाम बजारका वीरसिंह र पशुपतिनगरका फुर्बा उसका मिल्ने साथी हुन् । स्कुलमा साह्रै मिल्ने दिलिप विश्वकर्माको असामयिक मृत्यु हुँदा मुसाफिरका आँखाहरु धेरै दिनसम्म रसाइरहे । बाहिर पत्थरजस्तो देखिए पनि ऊ कति भावुक र संवेदनशील छ भन्ने कुरा धेरैले त्यसै दिन मात्र चाल पाएका थिए । दिलिपका अबोध छोराछोरीहरुलाई काखमा राखेर उसले भनेको थियो- 'तिमीहरुले दुःख पायौ भने म पाल्छु । म पढाउँछु । बाबुको सम्झना आयो भने मलाई भेट्न आउनू । म तिमीहरुको काका हुँ । आपत्विपद् पर्दा मलाई सम्झिनू ।'

मुसाफिरका शब्दहरु नेताका आश्वासनजस्ता अर्थहीन छैनन् । ती हरेक शब्दमा इमानदारी, स्नेह र आत्मीयता कुँदिएका छन् । मानवता सिञ्चित छ- शब्द शब्दमा । अरुभन्दा फरक छ- मुसाफिर । उदार, हँसिलो र साँच्चैको मान्छे । लोभलालच र संकीर्णता पटक्कै छैन ऊभित्र । त्यसैले लाखौं मान्छेभन्दा फरक छ उसको जीवन । ऊ आफूलाई माया गर्छ । छरछिमेकहरुलाई माया गर्छ । चिन्दै नजिनेका मान्छेहरुलाई पनि माया गर्छ । उसको आफ्नै तर्क छ- 'क्यानाम, आफ्ना छोराछोरीलाई त पशुले पनि चाट्छ नि गाँठे । मान्छेले त अरुको भलो गर्न पनि जान्नुपर्छ ।'

साँच्चैको मानवतावादी तर्क गर्छ ऊ । साहित्य, दर्शन, धर्म र अध्यात्मका ठूलठूला ग्रन्थ छिचोल्नेहरु परोपकारको कुरा त गर्छन् तर व्यवहारमा साह्रै घिनलाग्दा हुन्छन् । घर परिवारभन्दा टाढा सोच्नसम्म सक्दैनन् । देशकै मुहार फेर्छु भन्ने नेताहरु पनि त परोपकारको कुरा गर्छन् नि । तर व्यवहारमा तीभन्दा निकृष्ट कोही हुँदैनन् । मुसाफिरले आफ्नो व्यवहारबाट हजारौंको मन जितेको छ । ऊ केही दिन टाढा घुम्न गयो भने गाउँ नै शून्य भएझैं लाग्छ । केटाकेटीहरु ऊसँग रमाउँछन् । तरुनी तन्नेरीहरु मुसाफिरबाट धेरै कुरा सिकिरहेका हुन्छन् र बूढाबूढीहरु मुसाफिरलाई आड भरोसा ठान्छन् ।

सायद त्यसैले होला, ऊ सबैको प्रिय बनेको छ । सार्थक जीवनको उपमा खोज्न टाढा जानै पर्दैन, मुसाफिर नै पर्याप्त छ । असल मान्छेको उदाहरण दिनु परे टाढाका मान्छेहरु सम्झिनै पर्दैन, मुसाफिरकै जीवन पढे पुग्छ । ठूलठूलो डिग्री, करोडौंको सम्पत्ति, मान प्रतिष्ठा, विभूषण र अलंकारहरु आदिले मान्छे चर्चित बन्ला तर आत्मसन्तुष्टि र खुसी प्राप्त गर्न 'मुसाफिर' हुन सके पनि पुग्दोरहेछ ।

दिल्लीमा बस्दा उसले प्रसिद्ध लेखक खुशवन्त सिंहको घरमा पनि काम गऱ्यो । ऊ तारिफ गर्छ खुशवन्तको । उनको घरमा धेरै राइटर र नेताहरु आउँथे । पत्रकरहरु आउँथे । 'नब्बे वर्ष उमेर पुग्न लाग्दा पनि खुशवन्त फुर्तिला, उत्साही र सक्रिय थिए' ऊ खुशवन्तको पनि खुशवन्तजस्तै आजीवन हँसिलो, फुर्तिलो र सक्रिय हुन चाहन्छ । निराशावादीहरुलाई ऊ हप्काउँछ- 'ए मूर्ख, भगवान्ले बलवान् शरीर दिएकै छ । किन झोक्राएर बस्छस् ? केही काम गरेर खा । आमाबाबु र दाजुभाउजूको बोझ नबन् ।'

भावनाहरु लिपिबद्ध गर्न जान्दैन मुसाफिर । उसलाई यस कुरामा अलिकति पछुतो छ । 'देखेका र भोगेका कुराहरु लेखेर छाप्न पाए धेरैले पढ्ने थिए ।' ऊ बारम्बार भनिरहन्छ । मुसाफिरको यही पीडाले जन्मियो यो कथा । मुसाफिर यो कथाको पात्र बन्यो । प्रेमी प्रेमिका, पतिपत्नी, राजा-महाराजाहरु, भावना र संवेगले भरिएका काल्पनिक वा वास्तविक घटनाहरु मात्र कथाका विषय हुन सक्दैनन् । गाउँगाउँमा बस्ने हजारौं मुसाफिरहरुले भोगेका कथाहरु पनि त कथा बन्न सक्छन् । मुसाफिरका आँसु, खुसी र अनुभूतिहरु पनि साहित्यका लागि ऊर्जा बन्न सक्छन् । मुसाफिर एक्लैले हजारौंलाई ऊर्जा दिन सक्छ भने हजारौंलाई हँसाउन र उत्साहित तुल्याउन सक्छ भने एक्लैले जीवनको सार्थकता बताइदिन सक्छ भने ऊ किन कथाको नायक बन्न सक्दैन ? किन ऊ युगको गायक हुन सक्दैन ? ऊ किन प्रेरणाको स्रोत ठहरिन सक्दैन ? सत्यवान, सावित्री, नल-दमयन्ति र सलीम अनारकलीका प्रेम मात्र कथा हुन्छन् र ? मुसाफिरले भोगेको जीवन एउटा सानो गाउँको सानो कथा हो तर मुसाफिरको जीवनभन्दा कति नै सफल छ र अरुको जीवन ? के हामी मुसाफिर जति उदात्त छौं त ?

# दक्षिण कोरियामा मुनको आगमन



**विष्णु भट्टराई**

दक्षिण कोरियामा भएको राष्ट्रियपतीय निर्वाचनमा लिबरल पार्टीका उम्मेदवार मुन जे-इनले निर्वाचनमा ४१.४ प्रतिशत मत पाएर विजयी भएका छन् । उत्तर कोरियाली शरणार्थीका सन्तान मुनले दक्षिण कोरियाली सैन्य शासक पार्क चोङ ही विरुद्धको प्रदर्शनमा विद्यार्थी नेतृत्व गरेका थिए । प्रदर्शनका क्रममा उनी सन् १९७० मा पक्राउ परेका थिए । जेलबाट मुक्त भएको केही वर्षपछि उनी दक्षिण कोरियाको विशेष फौजमा आबद्ध भए । केही वर्षको सेवापछि उनले मानव अधिकारको वकिलका रुपमा आफ्नो परिचय दिएका थिए । उनी सन् २०१२ को निर्वाचनमा गि उन हेसँग पराजित भएका थिए । उनले भ्रष्टाचारलाई देशबाट निर्मूल पार्ने वाचा गरेका छन् ।

यो निर्वाचनको परिणामलाई पछिल्ला ९ वर्षदेखि कोरियाली राष्ट्रपति भवन 'ब्लु हाउस' मा बसेर कन्जभेटिभ पार्टीका नेताहरूले खेलेको भूमिकालाई कोरियाली जनताले खारेज गरिदिएको अर्थमा विश्लेषणसमेत गरिएको छ । हाल राष्ट्रपतिका रूपमा निर्वाचित भएका मुन जे-इन देशमा प्रगतिशील राजनीति र लोकतान्त्रीकरणको आन्दोलनमा सक्रिय रहँदै आएका व्यक्ति हुन् । उनले सन् १९८० देखि १९९० को दशकमा देशलाई लोकतान्त्रिक बाटोमा फर्काउनका लागि महत्वपूर्ण त्याग गरेका थिए । कोरियाली युद्धका समयमा दक्षिण कोरिया भागेका शरणार्थी परिवारमा जन्मिएर गरिबीमा हुर्किएका उनले आफ्नो विद्यार्थी जीवनमा सन् १९६३ देखि सन् १९७९ सम्म दक्षिण कोरियामाथि शासन गरेका पार्क चुङ-हीको सैन्य सरकारविरुद्धको आन्दोलनमा सक्रिय सहभागिता जनाए ।

त्यसपछि उनकै सैनिक शासनका उत्तराधिकारी चुन दो-ह्वानको विरोधमा मानवअधिकारवादी वकिलका रूपमा काम गरेका पूर्वराष्ट्रपति रोह म्यु-ह्युन (सन् २००३-२००८) को कार्यकालमा उनको सचिवालयमा बसेर महत्वपूर्ण भूमिका निभाए । उनको राजनीतिक यात्रामा निकै महत्वपूर्ण व्यक्ति रहेका पूर्वराष्ट्रपति रोह म्यु-ह्युनले सन् २००९ मा आत्महत्या गरे । आफ्नो राजनीतिक जीवनमा उनी उदारवादीहरूबीच एक लोकप्रिय राजनेताका रूपमा स्थापित छन् । दक्षिण कोरियामा सैन्य शासक पार्क चुङ-हीको विरोध र नागरिक तथा राजनीतिक अधिकारका लागि संघर्ष गरेबापत उनलाई पक्राउ गरियो र विश्वविद्यालयबाट निष्कासित गरियो । पछि उनलाई आफ्नो पढाइ पूरा गर्न अनुमति प्राप्त भयो र स्नातक गरे । स्नातक गरे पनि उनलाई कार्यकर्ताका रूपमा सरकारी जागिरका लागि अयोग्य घोषित गरिएको थियो । कुनै समय सरकारी जागिरबाट समेत अयोग्य घोषित तिनै मुन जे-इन अहिले कोरियाली सत्ताको शिखरमा पुगेका छन् । आफ्नो विद्यार्थी जीवनदेखि नै संघर्षशील र सफल हुने व्यक्तिको छवि बनाएका उनी सन् २०१२ मा भएको राष्ट्रपति निर्वाचनमा तिनै सैनिक शासनका संस्थापक पार्क चुङ-ही की छोरी पार्क गैयुन-हाइसँग पराजित हुन पुगे । भ्रष्टाचार र सत्ताको दुरूपयोग गरेको आरोपमा महाअभियोगबाट पार्कले सत्ता मात्रै छाड्नुपरेको छैन, उनी अहिले जेल जीवन बिताइरहँदा मुन जे-इन राष्ट्रपतिको कुर्सीमा पुगेका छन् । बुधबारदेखि सुरु भएको उनको कार्यकालमा अब बेइजिङ, वासिंगटन र प्योङयाङलाई एकसाथ हिँडाउनुपर्ने चुनौती आइपरेको छ । त्यति मात्रै होइन, आर्थिक सुधारसहितका घरेलु चुनौतीहरू पनि सँगै रहेका छन् ।

दक्षिण कोरियाका नवनिर्वाचित राष्ट्रपति मुन जे-इन उत्तर कोरियाकै शरणार्थी परिवारमा जन्मिएका व्यक्ति हुन् । उनले आफू राष्ट्रपतिमा निर्वाचित भएलगत्तै उत्तर कोरियासँगको वार्ता र संवादलाई अघि बढाउने बताइसकेका छन् । तर, वार्ताको प्रक्रिया उनले भनेजति सजिलो छैन । उत्तर कोरियाली नेता किम जोङ-उन त्यति सजिलै दक्षिण कोरियासँग वार्ता गर्ने स्वभावका व्यक्ति होइनन् । नेता उनले दक्षिण कोरियासँगको वार्ताका लागि उत्तर कोरियाविरुद्ध दक्षिण कोरियामा तैनाथ गरिएका थाडलगायत एन्टी मिसाइल सिस्टम हटाउन माग गर्ने सम्भावना बढी छ । मुन जे-इनले अमेरिकालाई मनाएर ती एन्टी मिसाइल सिस्टम फर्काउन सके भने उत्तर कोरियासँग वार्ता हुने सम्भावना रहन्छ । त्यति मात्रै होइन, थाड मिसाइल सिस्टम दक्षिण कोरियाबाट हटाउन चीनले समेत दबाब दिइसकेको छ । यस्तो अवस्थामा उनलाई प्योङयाङ, बेइजिङ र वासिंगटनलाई समदुरीमा राखेर कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्न सहज हुनेछैन ।

निर्वाचन प्रचारका समयमा उनलाई उत्तर कोरियाली समर्थकका रूपमा चित्रण गरिएको थियो । दक्षिणपन्थी टेलिभिजन सो र अनलाइनमा मुन जे-इनमाथि दक्षिण कोरियाको राष्ट्रिय सुरक्षालाई सम्हाल्न गम्भीरताको अभाव भएका व्यक्तिका रूपमा प्रचार गरिएको थियो । चुनावअघि कन्जरभेटिभ उम्मेदवार हाङ जुन-प्योले एक विज्ञापन नै बनाएर मतपत्रमा उनलाई भोट हाल्ने स्थानमा उत्तर कोरियाको झन्डा राखेर उनलाई भोट हाल्नु उत्तर कोरियालाई भोट हाल्नु बराबर भएको भन्दै प्रचार गरेका थिए । उनले त्यसैबेला वासिंगटन पोस्टलाई दिएको अन्तर्वार्तामा अमेरिकासँगको गठबन्धलाई लामो समयसम्म बलियो बनाउने र ट्रम्पलाई सहयोग गर्ने वाचा गरेका थिए । त्यसै समयमा उनले उत्तरसँगको सम्बन्धमा आइसब्रेक गर्ने र आर्थिक सहयोग परियोजनालाई पुनः आरम्भ गर्ने समेत बताए । सत्तामा आएपछि पनि उनले उत्तर कोरियालाई निकै महत्व दिएका छन् । बेइजिङले थाड मिसाइल सिस्टम हटाउन दबाब दिइसकेको छ । यस्तो अवस्थामा उनले अमेरिकालाई कसरी सन्तुलनमा राखेर यी बाचाहरूलाई पूरा गर्छन् भन्ने कुरा आगामी दिनले प्रस्ट पार्नेछ ।

दक्षिण कोरियाली सत्ताको शीर्ष स्थानमा पुगेका मुन जे-इन सन् १९५० मा उत्तर कोरियाबाट भागेका शरणार्थी बाबुआमाका जेठो सन्तानका रूपमा दक्षिण कोरियाको जियोजेमा जन्मिएका हुन् । त्यसबेला उनका बाबु युद्धका कैदीको शिविरमा काम गर्थे भने आमा अन्डा बेच्थिन् । सोही वर्ष कोरियाली युद्ध समाप्त भएको थियो । अहिले उत्तर र दक्षिण कोरियाबीच यस्तै तनावको अवस्थामा उनी दक्षिण कोरियाको सत्ता सम्हाल्न आइपुगे र उपयुक्त समयमा प्योङयाङ जाने बताएका छन् । उत्तरको परमाणु कार्यक्रमलाई लिएर अमेरिकाले लगातार चेतावनी दिइरहेको छ । यद्यपि, उत्तर कोरियामा यसको प्रभाव देखिइरहेको छैन । दक्षिण कोरियाका यसअघिका दुई राष्ट्रपतिले उत्तर कोरियासँगको कुनै पनि सम्बन्धलाई अघि बढाउन चाहेनन् । महाअभियोगबाट दुई महिनाअघि बर्खास्त भएकी पार्कले त उत्तर कोरियासँगका सबै सम्बन्धहरू तोडिन्, किनकि उनका बाबुको सन् १९७९ मा भएको हत्यामा समेत उत्तर कोरियाको हात रहेको बताइँदै आएको छ । उनकी आमाको पनि बाबुको भन्दा ४ वर्षअघि त्यसरी नै हत्या भएको थियो । त्यही हत्याकै पृष्ठभूमिमा राजनीतिमा आएकी उनले प्योङयाङसँग वार्ताका कुनै प्रक्रिया अघि नबढाउँदा दुई कोरियाबीचको सम्बन्ध निकै चिसिएको अवस्था छ । दक्षिण र उत्तर कोरियाबीचको विवाद र दुस्मनी झन्डै ७० वर्ष लामो छ ।

दोस्रो विश्वयुद्धपछि उत्तर र दक्षिण कोरिया दुई अलग देश बने । यस विभाजनपछि दुवै देशले आफ्नो अलग-अलग बाटो रोजेका छन् । कोरियामा सन् १९१० देखि १९४५ सम्म जापानको शासन रहेको थियो । त्यसपछि सोभियत सेनाले कोरियाको उत्तर भागलाई आफ्नो कब्जामा लियो र दक्षिणी हिस्सामा अमेरिकी सेनाको दबदबा कायम रह्यो । यसपछि उत्तरी र दक्षिण कोरियामा साम्यवाद र लोकतन्त्रका बीच संघर्ष सुरु भएको थियो । २०औं शताब्दीको यो विभाजन आजसम्म पनि विश्वको एक गहिरो विवादका रूपमा रहेको छ । जापानको शासनबाट मुक्त भएपछि १९४७ मा अमेरिकाले संयुक्त राष्ट्रसंघका



माध्यमबाट एक राष्ट्र बनाउने पहल गऱ्यो । यसपछि राष्ट्रसंघीय आयोगको निगरानीमा निर्वाचन गराउने निर्णय भयो । मे १९४८ मा कोरियाली प्रायद्वीपको दक्षिणी क्षेत्रमा चुनाव भयो । यस चुनावका साथै १५ अगस्टमा दक्षिण कोरिया बनाउने घोषणा भयो । यसैबीच सोभियत संघको नियन्त्रणमा रहेको उत्तरी क्षेत्रमा सुप्रिम पिपुल्सको निर्वाचन भयो । यस चुनावका साथै डेमोक्रेटिक पिपुल्स रिपब्लिक अफ कोरिया (डीपीआरके) सेप्टेम्बर १९४८ मा घोषणा गरियो । यसका बाबजुद दुवै राष्ट्रबीच सैन्य र राजनीतिक संघर्ष देखियो । यो संघर्ष पुँजीवाद र साम्यवादका रूपमा देखा पऱ्यो । यसको परिणामस्वरूप दुई कोरियाबीच युद्ध चल्यो । दुई कोरियाबीच जुन १९५० मा युद्ध सुरु भयो । अमेरिकी सेनाका साथै १५ अन्य देश दक्षिण कोरिया आए र उत्तर कोरियालाई रुसी र चिनियाँ सैनिक साथ दिए । सन् १९५३ मा यो युद्ध अन्त्य भयो र दुई स्वतन्त्र राष्ट्र बने । विभाजनका समयमा दुवै देशमा गरिबी प्रमुख समस्याका रूपमा थियो । दक्षिण कोरियालाई भारी मात्रामा अमेरिकी सहयोग मिल्यो । जनरल पार्क चुङ-हीले एक सैन्य सत्ता कुबाट दक्षिण कोरियाको सत्ता कब्जा गरे । पार्क सत्तापलटमा सफल भए तर सन् १९७९ मा उनको हत्या भयो । उत्तर कोरियाली नेता किम इल-सुङले कडा कम्युनिस्ट शासन व्यवस्था अंगीकार गरे भने दक्षिण कोरियाले अमेरिकी सहयोगमा उद्योगधन्दा बढाउन ध्यान केन्द्रित गऱ्यो । कोरियाली युद्ध समाप्त भएको १० वर्षपछि नै दक्षिण कोरियामा पनि कडा निरंकुश सैन्य शासन सुरु भयो, तर त्यसलाई लोकतन्त्रका नामबाट व्याख्या गरिएको पाइन्छ । उत्तर कोरिया यतिबेला आणविक हतियारका कारण चर्चामा छ भने दक्षिण कोरिया एक समृद्ध राष्ट्रका रूपमा चिनिएको छ । तर, उत्तर र दक्षिण कोरियाबीच विभाजनको दरार अझै पनि अन्त्य भएको छैन ।

मुन जे-इनले राष्ट्रपतिका रूपमा पदभार ग्रहण गरेको भोलिपल्टै चीनसँग छलफल गरेका छन् । छलफलमा चिनियाँ राष्ट्रपति सी जिनपिङले अमेरिकाले दक्षिण कोरियामा तैनाथ गरेको थाड एन्टी मिसाइल सिस्टमले आफ्नो क्षेत्रमा समेत जासुसी गर्ने र त्यसले चीनको सुरक्षामा समेत असर पार्ने भन्दै त्यसलाई हटाउन दबाब दिएका छन् । मुन जेले भने उत्तर कोरिया र थाड मिसाइल सिस्टमका बारेका एकैपटक वार्ता गर्न एक प्रतिनिधिमण्डल चीन पठाउने बताएको छ । कोरियाली प्रायद्वीपमा शान्ति स्थापनाका लागि दुई कोरियासहित अमेरिका, चीन र जापान प्रमुख शक्तिका रूपमा रहेका छन् । हालै उत्तर कोरियाविरुद्ध चौतर्फी प्रतिबन्ध रहेको छ । राष्ट्रसंघले नै गरेको एक अध्ययनका आधारमा बीबीसीले उत्तर कोरियाको मिसाइल परीक्षणको अंशबाट उसको इलेक्ट्रोनिक स्रोत उत्तर कोरिया भएको जनाएको थियो । यदि यो सत्य हो भने उत्तर कोरियाले विशेष प्रतिबन्धका साथै आर्थिक दबाब बनाउन चीनले धेरै काम गर्न सक्छ । यद्यपि, बेइजिङले उत्तर कोरियाको शासनको पतन चाँहदैन । उत्तर कोरियाको शासनको पतनले मात्रै कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्न सकिन्छ भन्ने पश्चिमा सोचाइ सही पनि होइन । अमेरिकाले लामो समयदेखि उत्तर कोरियाको परमाणु कार्यक्रमलाई बन्द गराउन चाहेको छ । त्यो सफल हुन नसकेपछि अहिले उसको ध्यान त्यसमाथि नियन्त्रण गर्नु हो । त्यसका लागि अमेरिकाले सैनिक शक्ति प्रयोगलाई विकल्प ठानेको छ भने चीन यो विषयलाई कूटनीतिक रूपमा समाधान चाहन्छ । अमेरिकाले दक्षिण कोरियाको सुरक्षाका नाममा त्यहाँ जुनसुकै स्थानमा आफ्ना सैन्य गतिविधि सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसका लागि दक्षिण कोरिया र अमेरिकाबीच सन्धि नै भएको छ । दक्षिण कोरियाको सन् १९५३ देखिको आपसी रक्षा सन्धिलाई देखाउँदै उसले सहयोगका लागि आउने गरेको छ ।

दक्षिण कोरियामा २८ हजार ५ सय अमेरिकी सेना र युद्धपोत नियमित रूपमा तैनाथ गरेको छ । चीन र उत्तर कोरियाबीच पारस्परिक सहायता र सहयोगका लागि सन् १९६१ मा भएको एक सन्धि पनि छ । जसमा रक्षासँग सम्बन्धित विषय पनि राखिएका छन् । त्यसकारण यदि युद्ध भएमा चीनले उत्तर कोरियालाई सहयोग गर्नेछ । यदि दुई कोरियाबीच युद्ध भएको अवस्थामा सबैभन्दा बढी असर दक्षिण कोरियालाई नै पर्नेछ । किनकि, दक्षिण कोरियाको राजधानी सोल उत्तर कोरियाली हतियारको रेन्जमा छ । निश्चित रूपमा पनि उत्तर कोरिया सुरुवाती दिनमा नै युद्धमा अघि हुन सक्छ । तर, अमेरिकी प्रविधि र आधुनिक सैन्य हतियारका अघि टिक्न उसलाई कठिन हुनेछ । चीन पनि यो युद्धमा होमिएको अवस्थामा त्यसैले साच्चै अर्को विनाशकारी रूप लिने अवस्था आउनेछ र यसको सबैभन्दा ठूलो नोक्सानी कोरियाली प्रायद्वीपमा नै हुनेछ । चीनले पछिल्ला दिनमा उत्तर कोरियाली शासन व्यवस्था र उसको अस्थिर व्यवहारलाई मन पराएको छैन । तर, चीनले उत्तर कोरियाको शासनलाई पतन गराएर अमेरिकासँग झुकेको एकीकृत कोरियामा अहिलेभन्दा बढी बेखुस हुनेछ । किनकि, एकीकृत कोरिया र त्यसमा अमेरिकी प्रभाव हुनु भनेको अमेरिकालाई कोरियाली प्रायद्वीपबाट सिधै चीनलाई नियाल्न दिनु पनि हो । त्यति मात्रै होइन कोरियाली शासनको पतन हुने अवस्थामा लाखौं उत्तर कोरियाली जनताहरू शरणार्थी बनेर चीन आउन सक्नेछन् । त्यति मात्रै होइन उत्तर कोरिया त्यस्तो देश हो, जहाँका जनता सरकारले के भन्यो त्यो मात्रै जान्दछन् । उत्तर कोरिया त्यस्तो शासन हो, जो मिसाइल बन्न सक्छ । उत्तर कोरिया एक उच्च सैन्य समाज पनि हो, जहाँका हरेक नागरिकले सैनिक तालिम लिएका छन् । सायद यी कुरालाई दक्षिण कोरियाली नयाँ राष्ट्रपतिले राम्ररी बुझ्केको हुनुपर्छ । त्यही भएर नै दक्षिण कोरियाका लिबरल नेताहरूले उत्तर कोरियासँग सम्बन्धमा जोड दिने गरेका छन् । तसर्थ उनले पनि कोरियाली प्रायद्वीपमा शान्ति स्थापनाका लागि यी सबै शक्ति र प्रवृत्तिलाई सँगै लिएर हिँड्नुपर्ने चुनौती रहेको छ ।

दक्षिण कोरियाको चुनावका घरेलु एजेन्डाहरूलाई हेर्ने हो भने नयाँ राष्ट्रपतिले कसरी समाजलाई न्यायपूर्ण बनाउन सक्छ र कसरी बढ्दो बेरोजगारी र असमानताबाट आक्रान्त अर्थव्यवस्थालाई सुधार गर्छ भन्ने कुरा महत्वपूर्ण थिए । मतदानभन्दा एक साताअघि सार्वजनिक भएको गालप कोरियाको एक जनमत सर्वेक्षणमा आर्थिक सुधार र रोजगारीको सिर्जना सबैभन्दा बढीले चाहेका थिए भने अहिले सबैभन्दा महत्वपूर्ण भनिएको राष्ट्रिय सुरक्षा तेस्रो स्थानामा मात्रै परेको थियो । त्यसैलाई ध्यानमा राखेर उनले निर्वाचन अभियानमा सरकारी र गैरसरकारी क्षेत्रमा १२ हजार थप रोजगारी सिर्जना गर्ने प्रतिज्ञा गरेका थिए । अब उनी यी सबै आफ्ना एजेन्डाहरूलाई कार्यान्वयन गर्ने स्थानमा आइपुगेका छन् ।

उत्तरकोरियाली प्रायद्वीयमा तनाव बढिरहेको बेला दक्षिण कोरियामा नयाँ नेता निर्वाचित भएका छन् । राष्ट्रपतिमा निर्वाचित भएलगत्तै मुनले दक्षिण कोरियाको कमजोर अर्थतन्त्रमा सुधार गर्ने बताएका छन् । त्यस्तै पूर्वराष्ट्रपति पार्कले ल्याएका सम्पूर्ण कार्यक्रम खारेज गर्ने उनको योजना छ । एसियाकै चौथो ठूलो अर्थतन्त्र भएको दक्षिण कोरियामा पछिल्ला समयमा आर्थिक संकट देखिएको छ । नेता मुनले उच्च दरमा बढेको बेरोजगारी समस्या अन्त्यका लागि चीनसँग टचाकल गर्नुपर्ने बताएका छन् । अमेरिकाले दक्षिण कोरियामा आर्थिक प्रतिरक्षा प्रणाली स्थापना गरेसँगै चीनले सिउलसँग आर्थिक बदला लिएको विश्लेषकहरुले बताएका छन् । उत्तर कोरियाको आणविक कार्यक्रमलाई लिएर वाशिंगटन र प्युङयाङबीचको विवाददेखि भ्रष्टाचार आरोपमा पूर्वराष्ट्रपति पार्कको पतनसँगै जोडिएको घटनाले विभाजित दक्षिण कोरियालाई एकजुट बनाउने चुनौती मुनको काँधमा थपिएको विश्लेषकहरुले बताएका छन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### बोल्ने टाटु




अमेरिकी नागरिक नेट सिगार्डकरले आफ्नी पत्नीलाई सरप्राइज दिने अनौठो तरिका निकाले । नेटले एउटा यस्तो टाटु बनाए जो देख्नमा आकर्षक त थियो नै बोल्न पनि सक्थ्यो । त्यो आवाज निकाल्ने टाटुलाई वेभ टाटु भनिन्छ । उक्त साउण्ड वेभ टाटुमा तपाइँ एउटा एपको सहायताले आवाज सुन्न सक्नुहुन्छ । त्यो टाटु निकै फरक खालको हुन्छ । त्यस्तो टाटु बनाउनका लागि साउन्ड ट्र्याकलाई निकै कुशल ढंगले टाटुमा राखिन्छ । त्यसपछि जब स्किन मोसन एपलाई टाटुमाथि स्क्यान गरिन्छ तब त्यसबाट आवाज निस्किन थाल्दछ । त्यो आवाज कुनै मेसेज, गीत संगीत वा कुनै भनाई पनि हुनसक्छ ।

### पिज्जाले सुत्केरी गराएपछि...


अमेरिकामा एउटा विशेष पिज्जा पार्लर छ जहाँ एउटा यस्तो पिज्जा पाइन्छ जसलाई खाएपछि गर्भवती महिलालाई सुत्केरी व्यथा सुरु हुन्छ । नर्थ क्यारोलिनास्थित बुफेलो विंग पिज्जा अहिले चर्चामा छ । चर्चामा आउनुको कारण पनि गज्जब नै छ । हालै आमा बनेकी हेन्ले स्कमिडेलका अनुसार उनी आफ्ना साथीहरुसँग उक्त पिज्जाघरमा पिज्जा खान गएकी थिइन् । पिज्जा खाएर फर्केको केही समयपछि नै उनलाई सुत्केरी व्यथा सुरु भयो र सुत्केरी गराउन अस्पताल लगियो । गत हप्ता अन्य तिनजना महिलाले पनि उक्त पिज्जा खाएपछि आफुलाई सुत्केरी व्यथा सुरु भएको दाबी गरेका छन् ।

पिज्जाघरका मालिक माइकल एडम्सका अनुसार सुरुमा एकजना महिलाले पिज्जा खाएपछि सुत्केरी व्यथा सुरु भएको



बताएपछि अन्य महिलाहरुले पनि त्यसै भन्न थाले । तर आफुले पिज्जामा सुत्केरी व्यथा सुरु गराउने भनेर कुनै विशेष चिज नहालेको उनी बताउँछन् ।

### तिम्ल्याहाको जन्मदिन



बेलायतको बर्मिंघममा बस्ने मेरी, मार्गेट र लीच नामका तिम्ल्याहा दिदी बहिनीले आइतबार आफ्नो ८० औं बर्थडे मनाए । २० मे, १९३७ मा जन्मिएका यी तिम्ल्याहा एउटै अनुहारका छन् । ८० वर्ष पहिले तिम्ल्याहा भएर जन्मिएपनि उनीहरुले सही लालन पालन पाएछन् र स्वस्थ भएर हुर्किए । यी तिम्ल्याहा बेलायतका सबैभन्दा पाका जुम्ल्याहा सन्तान हुन् । यी तिम्ल्याहाको जन्म कहानी पनि निकै रोचक छ । यिनीहरुकी आमा मेबलले एउटा मात्र बच्चा जन्माउन चाहन्थिन् । तर नियतीले अरु नै चाहेको थियो । तिनजना बच्चा एकसाथ जन्माउँदा मेबल निकै आत्तिएकी थिइन् । तर जन्मिएसँगै उनले तिम्ल्याहा छोरीको राम्रो स्याहार सुसार गरिन् । यद्यपि आमा मेबल अहिले यो दुनियामा छैनिन् तर उनका तिम्ल्याहा छोरीहरुले भने ८० औँ बर्थले सँगै मनाएका छन् । उनीहरुले सुखी जिन्दगी जिइरहेका छन् । सबैका नाति नातिनी भैसकेका छन् ।

### खतरनाक भोजन

यो दुनियाँ अनौठा चालचलन तथा कुराहरुले भरिएको छ । विश्वमा अनेकन खतरनाक जिवजन्तु तथा वनस्पतीहरु छन् । तर सबैभन्दा खतरनाक चाहीँ मानिस नै हो । किनकी मान्छेले सबै खतरनाक भनिएका चिजहरुलाई आफ्नो वशमा लिएको छ । अझ विषले भरिएका जिवहरुलाई त आफ्नो भोजन नै बनाएको छ ।

अफ्रिकीहरु अफ्रिकन बुल फ्रग प्रजातिको भ्यागुता निकै स्वादिलो मानेर खान्छन् । उनीहरु भ्यागुताको खुट्टा मात्र होइन, पूरै जिउ नै खाने गर्दछन् । यो



भ्यागुता निकै विषालु हुन्छ । जो मानिस मांशाहारी हुन्छन् उनीहरुले खाने जिवजन्तुको मासु पकाएर खान्छन् । तर यो चलन कोरियामा लागु हुँदैन ।

दक्षिण कोरियालीहरु जिउँदो अक्टोपस खानुमै मज्जा लिन्छन् । च्याउ खानुमा त निकै स्वादिलो हुन्छ । तर कतिपय जंगली च्याउहरु विषालु हुन्छन् र मानिसको ज्यानै लिन सक्दछन् । तरपनि कतिपय फिरन्ते आदिवासीहरुले जंगली विषालु च्याउहरु समेत खाने गर्दछन् । फुगु नामक माछा विश्वको सबैभन्दा खतरनाक माछा हो । यो माछाको सरीरभित्र रहेको एउटा विषालु भाग साइनाइड नामक विष भन्दा १२ सय गुणा विषालु हुन्छ । तर जापानीहरु उक्त माछाको त्यो विषालु भाग पहिचान गरेर त्यसलाई हटाएर समेत त्यो विषालु माछाको भोजन गर्दछन् ।

शार्क माछा विषालु हुन्छ । यसमा पिसाबनली नहुने हुनाले यसको मासुमा विषाक्त पदार्थ जम्मा भएको हुन्छ । तर ग्रिनल्याण्डमा चाहीँ हाकार्ल शार्क माछाको मासु शार्ककै तेलमा तारेर मज्जाले खाइन्छ । एकी नामक फल जमैकामा निकै खाइन्छ । यदि यो फललाई नपकाइकन खाने हो भने यो निकै खतरनाक हुन्छ । यसले निरन्तर बान्ता गराएर मानिसको ज्यानै लिनसक्दछ । कसावा नामक कन्दमुललाई अफ्रिका र दक्षिण अमेरिकामा मज्जाले खाइन्छ । तर यो फललाई यदि राम्रो सँग नपखाल्ने र नपकाइकन खाने हो भने मानिसको ज्यानै जानसक्दछ । क्यासवेस नट नामक फलमा पनि निकै खतरनाक तत्व पाइन्छ ।

तर यसले सबै मानिसलाई असर गर्दैन । कतिपय मानिसलाई चाहीँ यसले एलर्जी गराउँदछ र ज्यानै जान सक्दछ । रुहबार्ब नामक सागको पात निकै विषालु हुन्छ । तर यसको पात हटाएर डाँठ खानुको मज्जा चाहीँ बेग्लै हुन्छ । यदि तपाइँलाई एलर्जी छ भने गंगटो, झिँगे माछा जस्ता सामुद्रिक खपटे जिवहरु नखानु नै बेस हुन्छ । यसले जिउ चिलाउने, पेट दुख्ने, जिउ दुख्ने जस्ता समस्या पैदा गर्न सक्दछ ।

### खाल्डाखुल्डी पुर्ने सडक

सडकका खाल्डाखुल्डीबाट को पीडित नहोला ? हाम्रोजस्तो देशमा त सरकारको पूरै कार्यकाल नै एउटा सडकको खल्डाखुल्डी सम्याउँदैमा बित्दछ, तरपनि खाल्डा उस्तै रहन्छन् । विश्वमा सडक दुर्घटनामा हुने मृत्युमध्ये एक तिहाइ ती सडककै खाल्डाखुल्डीका कारण भएका हुन्छन् । तर यो दुनियामा एउटा यस्तो देश पनि छ जहाँ सडकका खाल्डा सरकारले पुरिरहनु पर्दैन, सडक आफैले आफ्ना खाल्डा पुर्दछ ।

नेदरल्याण्डमा बनाइएको छ यस्तो अद्भुत सडक । नेदरल्याण्डका वैज्ञानिकहरुले यस्तो पदार्थ पत्ता लगाएका छन् जसलाई सडक निर्माणमा प्रयोग गर्न सकिन्छ र त्यसले आफुलाई आफै मर्मत गर्दछ । आफै मर्मत हुने एस्फाल्ट नामक पदार्थको नेदरल्याण्डका विभिन्न १२ वटा सडकमा परीक्षण भैरहेको छ । त्यसमध्ये एएटा सडक २०१० देखि नै संचालनमा छ, र अहिलेसम्म उक्त सडकमा कहीँपनि खाल्डाखुल्डी परेको छैन । सामान्य कंक्रिट तथा एस्फाल्टबाट बन्ने सडक ७ देखि १० वर्षमा मर्मत गर्नैपर्दछ । तर आफै मर्मत हुने एस्फाल्टबाट बन्ने सडक भने



केही महंगो पर्ने भएपनि २०र२५ वर्षसम्म जस्ताको तस्तै रहन्छ । आफै खाल्डाखुल्डी पुर्ने यस्तो सडक संचालनमा आउँदा नेदरल्याण्डमा सडक क्षेत्रमा हुने खर्चमा ९ करोड युरो जोगिने प्रक्षेपण गरिएको छ ।

एस्फाल्ट मात्र होइन वैज्ञानिकको टोलीले कंक्रिटलाई समेत आफै मर्मत हुने खालको बनाउन कंक्रिटमा ब्याक्टेरिया हाल्ने उपायको अनुसन्धान गरिरहेका छन् । ती ब्याक्टेरियाले क्याल्सियम कार्बोनेट उत्पादन गर्नेछन् र सडकमा परेका खाल्डा तथा चिराहरु भर्नेछन् । यी ब्याक्टेरिया प्रकृतिमा २ सय वर्षसम्म बाँच्न सक्ने वैज्ञानिकको भनाई छ । त्यसैले यस्ता सडक कंक्रिटको आयुभर टिक्नेछन् भने मानिसलाई असर पनि पर्नेछैन ।

*एजेन्सीहरुबाट*

प्रेरक

## साहसका सामु बाधा हार्छ



नेपोलियन बोनापार्ट युद्ध जित्दै अल्पस पर्वतसम्म आइपुगे । युद्ध अभियानका लागि विशाल अल्पस पर्वत मुख्य बाधक थियो । नेपोलियन र उनका सैन्य जवानहरू अल्पस पर्वत हेर्दै टोलाइरहेका थिए । नजिकै एउटी बूढी आमा देखिइन् । उनले नेपोलियन र उनको पल्टन देखेर भनिन्– बाबु हो, यो पर्वत पार गर्न खोज्दैछौ ? हो आमा, नेपोलियनले भने के यो पर्वत पार गर्न गाह्रो छ । ती बूढी आमाले नेपोलियनलाई भनिन्– हो यो पर्वत पार गर्न अति कठिन छ । कुनै शुरवीरले मात्र यसलाई सायद पार गर्न सक्छ । साहसिलो मान्छेले पर्वत पार गर्न सक्छ कि ? फेरि यो पर्वत पार गर्न खोज्नु मूर्खता जस्तो लाग्छ । जे जतिले यो पर्वत पार गर्न खोजे ती फेरि जिउँदै फर्किएर आएनन् । यो पर्वत पार गर्नु पनि नयाँ कीर्तिमान नै हुनेछ । खै कुन साहसीले पर्वत पार गर्ला र ?

बूढी आमाको कुराले नेपोलियनमा गहिरो प्रभाव पर्‍यो । उनले त्यसै पनि जीवन युद्धमा बाजी लगाएकै थिए । बूढी आमाले साहस र मूर्खता दुवैको कुरा गरेकी थिइन् । नेपोलियन मूर्ख र साहसी दुवै बन्न तयार भए । अल्पस पर्वत उक्लने विचार गरे । नभन्दै उनी बडो साहस र धैर्यताका साथ अल्पस पर्वत पार गरे र विजय अभियानलाई निरन्तरता दिए । साहसका अघि विघ्नबाधा पराजित हुन्छन् भन्ने नेपोलियनले बुझेका थिए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

नियमित खर्चले आर्थिक अभाव देखा पर्ला । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । तापनि चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ । लामो यात्रा गर्ने अवसर जुट्नुका साथै वैदेशिक क्षेत्र लाभदायक रहनेछ । रोकिएका काम बन्नेछन् । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ ।

### बृष

आम्दानीका स्रोत फेला पर्नेछन् । मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ ।

### मिथुन

विगतका कमजोरी बाहिर आउनाले समस्या पर्ला । अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् । पदासीन व्यक्तिहरूसँग संघर्षपछि भने लाभ उठाउन सकिनेछ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्ने समय छ । दिगो फाइदा हुने काम सुरु गर्ने अवसर प्राप्त हुनेछ ।

### कर्कट

शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ । बाध्यताले अलमल्याउन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुहोला । समुदायको हक हितको संरक्षण गर्न सकिनेछ । चिताएको मूल्य प्राप्त नभए पनि राम्रै फाइदा हुनेछ । शरीरमा स्फुर्ति बढ्नेछ । सोचेका काम पूरा हुनेछ ।

### सिंह

चिताएका काममा बाधा उत्पन्न हुन सक्छ । आजको प्रयत्न निष्फल जस्तै होला । कामका लागि गरिएको भ्रमणमा समय मात्र बित्नेछ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला । व्यवसायलाई भने निरन्तरता दिन सकिनेछ । हुलमुलमा धनमाल जोगाउन सचेत रहनुहोला ।

### कन्या

नयाँ कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ । रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ । विभिन्न सहयोग र उपहार प्राप्त होला । तारिफयोग्य काम सम्पादन हुनेछ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ ।

### तुला

ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान् । बलजफ्ती गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । धैर्य एवं विवेकले काम लिने चेष्टा गर्नुहोला । थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ । पछि लाभ हुने काम प्रारम्भ हुन सक्छ । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्, धनमाल सुरक्षामा ध्यान दिनुहोला ।

### वृश्चिक

स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला । सो चविचार गरेर काम गर्दा राम्रो ।

### धनु

रोकिएका घरेलु कामकाज बिस्तारै बन्नेछन् । हतारको निर्णयले काम बिग्रन सक्छ । दिगो योजना गोप्य राखेर अघि बढ्नुहोला । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । लगनशीलताले अध्ययनमा पनि प्रगति हुनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुनेछ ।

### मकर

ईष्यालु मन भएकाहरूले सताउलान् । प्रतीक्षित नतिजा कमजोर रहला । दोहोर्‍याएर प्रयत्न गर्दा काम बन्न सक्छ । आफ्नाले सहयोग नगर्दा काम बिग्रने डरले सताइरहनेछ । मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ । कृषिक्षेत्रमा भने अलि बढी परिश्रम र लगानी गर्नुपर्ला । व्यापार( व्यवसायमा थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ ।

### कुम्भ

स्फूर्ति देखाउने बानीले समस्या निम्त्याउला । असंयम व्यवहारले शुभचिन्तकहरू टाढिन सक्छन् । अरूको आलोचना गर्दा स्वयं समस्यामा परिएला । व्यापारमा समय दिन नसक्दा लाभांश कममात्र मिल्नेछ । पहिलेका सहयोगीहरू टाढिन सक्छन् । अध्ययनमा मनग्य समय दिन नसकिएला । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले सजग रहनुहोला ।

### मीन

विगतका कमीकमजोरीलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ । सहयोगीहरू भेटिनाले काममा आत्मबल बढ्नेछ । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्य धन आर्जन होला । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grudgingly = अनिच्छा दर्शाउँदै The management hiked the salary of the employees grudgingly (व्यवस्थापनले अनिच्छा दर्शाउँदै कर्मचारीहरूको वेतनमा वृद्धि गर्‍यो)

Hortatory = जोशमा ल्याउने खालको The public speech of the political leaders should be hortatory so that the crowd listen to it with ever-growing excitement (राजनीतिक नेताको भाषण यस्तो हुनुपर्दछ जुन श्रोताहरूलाई जोशमा ल्याउन सकोस्)

Ingenuous = विश्वासिलो, छलकपट नभएको, His ingenous smile proves that he is naive (उसको छलकपट विनाको हँसाइले ऊ सोझो छ भन्ने कुरा प्रमाणित गर्दछ)

Lope = लामो दूरीको उफ्राईका साथ दौडनु The tiger loped off into the jungle as it noticed possible danger (सम्भाव्य खतराको महसुस गर्दै बाघ लामो लामो दूरीको उफ्राईका साथ दौड्दै जंगलभित्र घुस्यो)

Munificient = अति दयालु Japan has been a munificient giver for the development of Nepal (जापान नेपालको विकासका लागि सहयोग गर्ने दयालु दाताभित्र पर्दछ)

Nicety= झिनो अन्तर, It is difficult to go into all the niceties of this events (यस घटनाको विषयमा उठेका झिना अन्तरहरू पहिल्याउन कठिन छ)

Ostensible = सोझो वा सरल Although the ostensible purpose of this expedition is to clean the mountains, the memberS of the expedition are equally interested in scaling the summit (यो अभियानको सोझो उद्देश्य पर्वतमा रहेको फोहोर सफा गर्नु भए तापनि अभियान दलका सदस्यहरू त्यस क्रममा शिखर चुम्न उत्तिकै इच्छुक छन्)

Pristine = प्रारम्भिक कालका विशेषता भएको, मौलिक This is the pristine copy of the first edition so I can not lend you this book (पहिलो संस्करणको मौलिकप्रति भएको हुँदा म तिमीलाई यो किताव दिन सक्तिन)

Quaff = घटघट एकै सासमा निल्नु He was so thirsty that he quaffed the entire bottle of water in a minute (ऊ यति तिर्खाएको थियो कि सिंगै बोतल पानी एकै सासमा घटघट निली मिनेटभरमा नै सक्यो)

Rue = गल्ती गरेको ठान्दै पछुताउनु He rued the same day he joined army (सैनिक सेवामा भर्ति भएकै दिन गरेको ठान्दै उसले पछुतायो)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

'असम्भव शब्द मूर्खहरूको शब्द कोषमा मात्र पाइन्छ' यो कसको भनाइ हो ?
• नेपोलियन बोनापार्ट

माछा पनि पानीमा धोएर खाने जनावरको नाम के हो र कहाँ पाइन्छ ?
• रैकुन, उत्तर अमेरिका

विश्वको सबभन्दा ठूलो इच्छापत्र कुन देशको व्यक्तिले लेखेको थियो जो आज विश्व रेकर्डमा ठूलो छ ?
• स्कटल्यान्ड, ४८००० पाना

ओलम्पिक खेलमा महिलाहरू कहिलेदेखि भाग लिन थाले ?
• दोस्रो ओ.सन् १९००

ओलम्पिक खेलमा ज्योति प्रज्वलित गर्ने प्रथा कहिलेदेखि सुरू भयो ?
• सन् १९३६

अंग्रेजी अक्षर E प्रयोग नगरिकन उपन्यास लेख्ने लेखक को हुन् ?
• अर्नेस्ट राइट

आफ्नो जीवनभरमा जम्मा तीन पटक मात्र नुहाएका राजा को थिए र कुन देशका थिए ?
• लुई चौथो, फ्रान्स

पानीमा कार्बन डाइअक्साइड मिलाएर सोडा बनाउनमा सफल हुने वैज्ञानिक को हुन् ?
• जासेफ पिस्टले

किरा फट्याङ्ग्राहरू खाने बिरूवाको नाम के हो ?
• पिचर प्लान्ट

खाने सोडाको वैज्ञानिक नाम के हो ?
• सोडियम हाइड्रो अक्साइड

हिंड्न सक्ने रूखको नाम के हो र कहाँ पाइन्छ ?
• मेनग्रोव, अमेरिकाको जंगलमा

नांगी युवती जस्तै देखिने वनस्पतिको नाम के हो ?
• नेकेड लेडिज

सोल ओलम्पिकमा कति जना महिला खेलाडीहरूले भाग लिएका थिए ?
• २४५८

पहिलो पटक ओलम्पिकमा पदक पाउने नेपाली को हुन् ?
• विधान लामा

'जनताको इच्छा नै सर्वोत्तम कानुन हो' यो अमरवाणी कसको हो ?
• युलिसस एल ग्रान्ट

जिनको बारेमा अध्ययन गर्ने वैज्ञानिकलाई के भनिन्छ ?
• जनेरिसिस्ट

चन्द्रमामा रहेको सबैभन्दा अग्लो टाकुराको नाम के हो ?
• डार्फल पिक

## सुडोकु–अंक ५४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | ८ | | १ | ४ | २ | | |
| | | | | | | ६ | | |
| | | | ३ | | | | ९ | |
| | | | | | ८ | | | १ |
| | २ | | | ७ | | | ५ | |
| | ७ | | ५ | | | ३ | | |
| | | | | | ५ | | | |
| | | | | ९ | | ७ | ४ | |
| २ | | ६ | | ३ | | | | |

## अंक ५३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | ८ | १ | ५ | २ | ६ | ८ | ३ |
| २ | ६ | १ | ७ | ३ | ८ | ४ | ९ | ५ |
| ३ | ८ | ५ | ४ | ६ | ९ | ७ | २ | १ |
| ५ | ३ | २ | ९ | १ | ६ | ८ | ४ | ७ |
| ८ | ७ | ६ | २ | ४ | ५ | १ | ३ | ९ |
| १ | ९ | ४ | ८ | ७ | ३ | ५ | ६ | २ |
| ९ | १ | ७ | ६ | २ | ४ | ३ | ५ | ८ |
| ४ | २ | ३ | ५ | ८ | ७ | ९ | १ | ६ |
| ६ | ५ | ८ | ३ | ९ | १ | २ | ७ | ४ |

## "डायरी" को व्यापार फस्टायो

जेठ ५ गतेबाट रिलिजमा आएको चलचित्र 'डायरी'ले काठमाण्डौका केही हलमा शनिबार सुखद व्यापार गरेको छ । चलचित्रकी निर्मात्री तथा नायिका छुल्ठिम गुरुङले हलहलमा पुगेर दर्शकसँग प्रतिक्रिया लिएकी थिइन् । काठमाण्डौका २० र मोफसलका ५५ पर्दाबाट एकसाथ रिलिजमा आएको यो चलचित्र हेरेका दर्शकले छुल्ठिमको चुलबुले शैली, नवनायक सन्नी सिंहको एक्सन अवतार र नायिका रेखा थापाको बोल्ड भिलेन शैलीलाई मन पराएका छन् । नायिका छुल्ठिम गुरुङले भनिन्- 'काठमाडौं र मोफसलका हलबाट राम्रो रेस्पेन्स आइरहेको छ । दर्शकहरुले चलचित्र मन पराएको बताइरहनु भएको छ । म एकदमै खुसी छु ।'

## काठमाडौंमा "कान्तिपुर फिल्म एकेडेमी"




अहिले धमाधम चलचित्रसम्बन्धी अध्यापन गराउने उद्देश्यले एकेडेमीहरु खुल्न थालेका छन् । नेपाली चलचित्रको बजार बिस्तार हुँदै गएपछि अहिले चलचित्रको बिषयमा अध्यापन गराउने उद्देश्यले एकेडेमीहरुको स्थापन हुन थालेको हो । युवायुवतीहरुको चलचित्र अध्ययन गर्ने चाहनालाई मध्यनजर राख्दै काठमाडौंमा नयाँ 'फिल्म एकेडेमी' संचालनमा आएको छ । एकेडेमीको आफ्नो भवन मैतिदेबिमा एक कार्यक्रम आयोजना गर्दै एकेडेमीको औपचारिक सार्वजनिकिकरण गरिएको छ । अन्तरराष्ट्रिय स्तरको चलचित्र अध्यापन गराउने उद्देश्यले खोलिएको यो एकेडेमीलाई निर्माता छविराज ओझाले संचालनमा ल्याएका हुन् । एकेडेमीमा ओझा सहित प्रकाश पुरी , बिमल सुवेदी ,नरेश कुमार केसी दयाराम घिमिरे , पृथ्वीराज प्रसाँइ र सुरज चिलुवालको संलग्नता छ । एकेडेमीले रसियाको एक एक्टिङ्ग इन्टिच्यूटसँग केही सम्झौता पनि गरेको छ । जस अनुसार पहिलो चरणमा कान्तिपुर फिल्म एकडेमीबाट अभिनय विधामा २ जना बिधार्थी संजोग रसाइली र अनिल कँडेल र निर्देशन बिधाबाट परिच्छेद सेनलाइ छात्रवृत्तीमा अध्ययनको मौका दिइएको छ ।

## "तारेभीर" को ट्रेलर सार्वजनिक

असार २ गतेलाई रिलिज डेट तय गरिएको फिल्म 'तारेभीर' को अफिसियल ट्रेलर सार्वजनिक गरिएको छ । सोमवार राजधानीमा आयोजित एक कार्यक्रममा निर्माणपक्षले फिल्म 'तारेभीर' को एक्सन प्रधान ट्रेलर सार्वजनिक गरेको हो । कार्यक्रममा ट्रेलरसँगै फिल्ममा समावेश तीन गीत पनि देखाइएको थियो । विष्णु चेम्जोङ, नविन कार्की, रेखा फागो, रमेश सिंह, प्रेम सुब्बा, मञ्जु श्रेष्ठ लगायतका कलाकारहरुको मुख्य भूमिका रहेको फिल्मलाई प्रेम सुब्बाले निर्देशन गरेका हुन् । फिल्मको विषयमा जानकारी दिँदै निर्देशक सुब्बाले 'तारेभीर' ले दर्शकहरुलाई भरपूर मनोरञ्जन दिने दावी गरे । डि.के. दीवानको निर्माण रहेको फिल्मलाई युवराज राईले खिचेका हुन् भने जनक गुरुङको द्वन्द्ध निर्देशन छ । फिल्ममा प्रकाश गुरुङ, सनुप पौडेल र ब्राविन शेर्माको संगीत छ ।

## मनिषाले क्यान्सरमाथि किताब लेख्ने

मनीषा कोइराला चाँडै एकपटक फेरि ठूलो पर्दामा कमब्याक गर्दैछिन् । फिल्म 'डियर माया' बाट लामो समयपछि उनी ठूलो पर्दामा देखिन लागेकी हुन् । फिल्मलाई लिएर मनीषा उत्साहित छिन् । उनी अब पूरा रुपमा फिल्ममा नै फोकश गर्न चाहन्छिन् किनकी उनी मात्र अब काम गर्न चाहन्छिन् । अभिनेत्री मनीषा कोइराला लामो समयको क्यान्सरलाई जितेपछि फिल्ममा सक्रिय भएकी हुन् । चाँडै उनी संजय दत्तको बायोपिकमा संजय दत्तकी आमा नरगिसको भूमिकामा पनि देखिँदैछिन् । अहिले मनीषा कोइराला आफ्नो रिलिजका लागि तयार फिल्म 'डियर माया' को प्रमोशनमा दिलोज्यान दिएर लागेकी छिन् । फिल्मको प्रमोशनको क्रममा मनीषाले भनिन, 'म चाँडै क्यान्सरमाथि एक किताब लेख्दैछु । यसपछि आफ्नो अटोबायोग्राफी पनि लेख्नेछु ।' मनीषाले अगाडि भनिन्, 'क्यान्सरका विरामीलाई हौसला र सुझावमा किताब लेख्नेछु ।' आफ्नो निजी जीवनबारे उनले भनिन्- 'मैले आफ्नो जिन्दगीमा कयौं गल्तीहरु गरेको छु र त्यसको सजाय पनि अहिले भोग्दैछु । मेरो गल्तीको असर मेरो जिन्दगी र शरीरलाई पनि पर्‍यो । जब मलाई क्यान्सर भयो तब म एकदम एक्लै बस्न चाहन्थें ।'

## सुरू हुने भो "नेपाली तारा"

प्रतिष्ठाको पहिलो आवाज खोज्ने प्रयासस्वरुप नेपाल आइडलको अडिसन निरन्तर जारी छ । देशका मुख्य शहर पोखरा, नेपालगञ्ज, बुटवल, विरगञ्ज, विराटनगर, नारायणगढ हुँदै अहिले काठमाडौं अडिसन प्रसारण भइरहेको छ । नेपाल आइडलको काठमाडौं अडिसनमा भने नेपाली ताराका केही प्रतिस्पर्धी समेत देखा परेका छन् । चर्चा र लोकप्रियता पाइरहेको नेपाल आइडललाई ठूलो प्लेटफर्म ठानेर नेपाली तारा प्रताप लामाले समेत भाग लिएका छन् । केही गीतहरु रेकर्ड गराएर गायकको परिचय बनाइसकेका प्रतापसँगै प्रताप दास पनि नेपाल आइडलको काठमाडौं अडिसनमा देखिए । प्रताप दास नेपाली ताराको टप टेनमा पर्न सफल भएका थिए । उनले नेपाल आइडलको निर्णायकमध्येकी एक चर्चित गायिका इन्दिरा जोशीसँगै गीत समेत गाइसकेका छन् । साउन १३ गतेदेखि प्रर्दशन हुन लागेको चलचित्र प्रेम गीत २ को मोटरसाइकलमा बोलको गीतमा इन्दिरा र प्रताप दासको आवाज छ । नेपाली ताराहरु नेपाल आइडलमा सहभागि हुँदै गर्दा गायिका इन्दिरा जोशीले यसलाई सामान्य रुपमा लिएको प्रतिक्रिया दिएकी छिन् । नेपाल आइडल गायन क्षेत्रमा भविष्य खोजीरहेकाहरुको लागि ठूलो खुड्किलो हो ।

*(अनलाइनहरुबाट)*

## फरक थाहा पाई राख्नुहोस्

Enough (Sufficient) = चाहिने जति Please eat enough आफूलाई चाहिनेजति खाउ ।

Ample = चाहिनेभन्दा बढी I gave him ample opportunity, but he did not correct him मैले उसलाई चाहिनेभन्दा बढी मौका दिएको हुँ तर उसले आफूलाई सुधारेन ।

Amount = परिमाण, यत्तिका I can not pay this much amount of money म यत्तिका पैसा तिर्न सक्तिन ।

Number = संख्या What is the number of your car तिम्रो कारको नम्बर कति हो ?

Antagonist = वैरभाव राख्ने He is still antagonist towards his friends of childhood days बच्चाबेलाको साथीसँग अझै पनि ऊ वैरभाव राख्छ ।

Protagonist = नाइके, नेता She is leading protagonist of woman movement तिनी महिला अधिकार आन्दोलनकी नेतृ हुन् ।

Anyway= जसरी भए पनि Anyway you have to be here by evening साँझसम्ममा तिमी यहाँ जसरी भए पनि हुनैपर्दछ ।

Any way = कुनै उपाय अथवा बाटाहरू I have no any ways other than to follow you तिमीले भनेको मान्नुभन्दा मेरो लागि अरू कुनै बाटा छैनन् ।

Excuse = दोषी दोस्रो व्यक्तिलाई बनाएर आफू क्षमा चाहने Excuse me, could you please let me go माफ गर्नुहोला तपाइँ बाटो छेकेर बस्नु भएको छ, मलाई जान दिन सक्नुहुन्थ्यो कि ?

Pardon = आफूलाई दोषी बनाएर क्षमा माग्ने I beg a pardon, I could not understand what you mean माफ गर्नुहोला मैले तपाईंले भनेको बुझिन ।

# बाल विकास समाजद्वारा सम्पन्न कार्यक्रमहरु


तालिमका सहभागीलाई प्रमाण पत्र वितरण गर्दै उपमहासचिव उद्धवराज पौडयाल


अभिमुखीकरणको सहजिकरण गर्दै संस्थाका कर्मचारी


समूहमा छलफल गर्दै बालबालिकाहरू


बालबालिकासँग छलफल गर्दै समाजसेवी हुकुम बा. लामा


पुनर्गठित बालक्लवका पदाधिकारीहरू


तालिमको सहजिकरण गर्दै संस्थाका कर्मचारी


तालिममा प्रस्तुतिकरण गर्दै सहभागी


तालिम समापनका सहभागीहरू


कार्यक्रममा मन्तव्य राख्दै संस्थाका उपमहासचिव पौड्याल

बालक्लवलाई अभिमुखीकरण

बाल विकास समाजले शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका बालबालिकाहरुका लागि सन्चालित परियोजना अन्तर्गत ललितपुर सानेपामा रहेको ईन्द्रायणी बालक्लवलाई एक दिने बालक्लव व्यवस्थापन सम्बन्धी अभिमुखीकरण सम्पन्न गरेको छ। संस्थाले बालबालिकाहरुलाई सशक्तिकरण गरी अर्थपूर्ण बाल सहभागिताको प्रवर्द्धन सहित स्थानीय स्तरको निर्णय प्रक्रियामा उनीहरुको आवाजलाई समेटनका निम्ति यो संस्थाले अभिमुखीकरण सञ्चालन गरेको हो । यस किसिमको अभिमुखीकरणबाट उनीहरुले स्थानीय स्तर बालबालिका सम्बन्धी हुने कुनै पनि निर्णय प्रक्रियामा सामेल हुनका लागि आवाज उठाउने विश्वास गरिएको छ । संस्थाले अभिमुखीकरणमा सहभागी भएका बालक्लवका पदाधिकारीहरुलाई बालअधिकारका ४ भाग, बालक्लवको इतिहास, बालक्लवले गर्न सक्ने कामहरु, बालक्लवका पदाधिकारीहरुले गर्ने काम तथा कतर्व्य लगायतका विषयमा अभिमुखीकरण सञ्चालन गरेको हो । संस्थाका कर्मचारीले उक्त अभिमुखीकरणको व्यवस्थापन सहित सञ्चालन गर्नु भएको थियो । तालिममा इन्द्रायणी बालक्लवका १७ जना बालबालिकाहरुको सहभागिता रहेको थियो। अभिमुखीकरणमा विभिन्न विधिको प्रयोगबाट सहभागीहरुलाई विषयवस्तुको बारेमा प्रष्ट पारिएको थियो। अभिमुखीकरणमा सहभागी भएका बालबालिकाहरुलाई अन्त्यमा प्रमाण पत्र समेत प्रदान गरिएको थियो । उनीहरुलाई बालक्लवमा बसेर आफ्ना आवाजहरु एकिकृत गर्नका लागि प्रेरित गर्दै उक्त प्रमाण पत्र संस्थाका फिल्ड इन्चार्जको हातबाट वितरण गरिएको हो। समापनको क्रममा सहभागीहरुले यस तालिमबाट हामीलाई कम गर्नका लागि थप ऊर्जा मिलेको हुनाले सोही अनुसार बालक्लवलाई अगाडी बढाउने कुरा व्यक्त गरेका थिए।

शंखमूलस्थित बालक्लव पुनर्गठन

काठमाडौ महानगरपालिका १० स्थित शंखमूलमा सामुदायिक स्तरको बालक्लव पुनर्गठन भएको छ। बाल विकास समाजको सहजिकरणमा उक्त बालक्लव गठन भएको हो । बुद्धमार्ग टोल विकास समितिसँगको समन्वयमा क्लव पुनर्गठन गरिएको हो । पुनर्गठनका क्रममा सोही क्षेत्रमा बुद्धमार्ग टोल विकास समितिका अध्यक्ष सहित समुदायका बालबालिाकहरुको एक भेला गरिएको थियो । सोही क्रममा बाल विकास समाजका प्रतिनिधिले बालक्लवको बारेमा विस्तृत रुपमा छलफल गरेपछि पुनर्गठनको वातावरण तयार भएको थियो । उक्त छलफल पश्चात बालबालिकाहरु आफैले पदाधिकारी चुनेका थिए । पुष्पा श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय पदाधिकारी रहने गरी बुद्धज्योती बाल एकता क्लव पुनर्गठन भएको हो । बाल सहभागिताको अधिकार प्रवर्द्धनमा बालक्लवले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सबै प्रकारका बालबालिकाहरुलाई एक थलोमा समावेश गरी उनीहरुका आवाजलाई एकिकृत गर्ने उपायको रुपमा बालक्लवलाई लिन सकिन्छ । बालमैत्री स्थानीय शासन प्रणालीमा पनि बालक्लवलाई महत्वका साथ हेर्ने गरिन्छ । स्थानीय स्तरमा बालबालिका सम्बन्धी हुने निर्णय प्रक्रियामा भाग लिनका लागि समेत बालक्लवले बालबालिकाहरुलाई प्रेरित गर्दछ । त्यसकारण बाल विकास समाजले पनि बालक्लव गठन तथा सहयोगमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

विद्यालयमा अध्ययन गर्ने किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुर्‍याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ। तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन्। कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ। यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी अरुणोदय माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि ११ हप्ते क्षमता अभिवृद्धि तालिमको तेस्रो चरणको तालिम सम्पन्न भएको हो।

तेस्रो चरणको तालिम शुसिला परियारको सहजिकरणमा सम्पन्न गरिएको थियो । तालिममा घरेलु हिंसा न्युनिकरणका विषयमा सहभागीहरुलाई छलफल गराइएको थियो । बालबालिकाहरुलाई घरेलु हिंसाले कस्ता असर गर्छ र त्यसको न्यूनिकरणमा बालबालिकाहरुको भूमिका के हुन्छ भन्ने सम्बन्धमा सहभागीहरुलाई छलफल गराइएको हो। तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए। यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए । सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरुले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरुले यो सेवा लिने योजना रहेको छ। दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । किशोरावस्थाका विद्यार्थीहरुले विशेष गरी सानै उमेरमा विवाह गर्ने र पढाइ छोड्ने विभिन्न साथीको संगतमा लागेर कुलतमा फस्ने आदि समस्याहरु झेलिरहेको अवस्थामा यो तालिमले उनीहरुलाई चेनतशिल बनाइ समस्याको निराकरणका उपायहरु सिकाउदै त्यस उमेर समूहका बालबालिकाहरुले समस्याबाट मुक्ति पाउने अपेक्षा समेत गरिएको छ।

क्षमता अभिवृद्धि तालिमको समापन तथा प्रमाण पत्र वितरण

बाल विकास समाजको आयोजनामा बालकुमारी निमाविका बालबालिकाहरुका लागि सञ्चालन भएको १२ हप्ते क्षमता अभिवृद्धि तालिमको समापन भएको छ। संस्थाका उपमहासचिव उद्धवराज पौड्याल तथा कार्यक्रम निर्देशक किरण थापाको सहभागितामा सो तालिम समापन गरिएको हो। साथै तालिममा १२ हप्तासम्म नियमित सहभागी हुने बालबालिकाहरुलाई प्रमाण पत्र समेत वितरण गरिएको थियो । कार्यक्रममा उपमहासचव पौड्यालको हातबाट सहभागीहरुलाई प्रमाण पत्र वितरण गरिएको हो। सोही क्रममा उपमहासचिव पौड्याललले तालिममा सिकेका कुरालाई व्यवहारमा उतारी जोखिमपूर्ण व्यवहारबाट जोगिनु जोगाउनु मुख्य दायित्व भएको हुँदा सोही अनुसार आफूलाई परिवर्तन गर्नका लागि अनुरोध गर्नु भएको थियो । यस संस्थाले हामीलाई यस किसिमको तालिम दिएर जोखिमपूर्ण व्यवहारबाट बच्नका लागि थप ऊर्जा प्राप्त भएको हुँदा सोही अनुसार काम गर्ने प्रतिवद्धता सहभागीहरुले व्यक्त गरेका थिए। आफूले सिकेका कुरा अरुलाई पनि सिकाउने कुरा समेत सहभागीहरुले व्यक्त गरेका थिए ।

**प्रस्तुति : गोविन्द वि क**

रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।
सम्पर्क : ९८५१०२३६७०
दलालले कष्ट नगरिदिनु होला

हाम्रो प्रतिबद्धता
पेट्रोलियम पदार्थमा शुद्धता
भरपर्दो, विश्वासिलो सेवाका लागि
हामीलाई सम्झनुहोस्
भोलाबाबा पेट्रोल सेन्टर
मिर्चैया सिरहा

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

संस्कृति

राकेशप्रसाद चौधरी

# मिथिला क्षेत्रमा लोकमन्त्रको चर्चा



धर्मक्षेत्रको रूपमा परिचित मिथिलाक्षेत्रमा लोकमन्त्रको चर्चा र अध्ययन धरातलीय यर्थाथसँग जोडिएको छ। मिथिलाको प्रारम्भकाल अगाडि यो भूमि भगवान शिवको ध्यानभूमि तथा आशिर्वचन प्राप्त गरेका क्षेत्र हो । आधुनिक जीवन शैलीको भोकप्यासले ब्याप्त यो क्षेत्र अझैसम्म धार्मिक आस्थालाई त्याग गर्न चाहेको छैन ।

दुर्गा पूजालगायतका अन्य धार्मिक अवसरहरूमा बोक्सी र दुष्टशक्तिलाई गाली गरिने परम्परा जीवित राख्न स्थानीय उत्तिकै सक्रिय छन् । शारीरिक कष्ट अथवा जीवनमा आइपर्ने बाधा वा केही प्राप्तिको आशाले शक्तिपीठहरूको दर्शन र कमला, गेरूकाजस्ता नदीमा स्नान गर्ने क्रम जारी छ । सृष्टिलाई सही ढंगले संचालन गर्ने ज्ञानका रूपमा वेद तथा समाजलाई सही बाटोमा डोऱ्याउन लोकमन्त्र सिक्ने सिकाउने क्रम जारी छ ।

विज्ञान भैरव मंत्रमा चित्तयुक्त तथा ध्वनियुक्त मंत्रको चर्चा गरिएको छ । बाल्यकालमा मलाई कुनै किराले टोक्दा मेरो हजुरआमाले चित्तयुक्त मंत्रको माध्यमले 'झार्ने' गरिदिनुहुन्थ्यो । त्यसले मलाई केही राहत दिएको महससु गर्थे । हुनतः यो कुरा बिज्ञान अन्तर्गत अध्ययनको बिषय बनेको हो । आधुनिक चिकित्सकीय पद्धतीले यो कुरालाई 'थेरापी'उपचार अन्तर्गत राखेको छ ।

डाक्टर महेन्द्र नारायण रामका अनुसार लोकमंत्रलाई देवीदेवता, मानव शरीर आधारिता उपयोगी, दुष्टशक्ति एवं भूतप्रेत परक, रोग निवारण परक, बिषदंश परक हटाउनेसहित सात भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। आदि युगमा भगवान शंकरले गणेशको शरीरमा हाथीको टाउँको तथा राजा दक्ष प्रजापतिको शरीरमा बोकाको टाउँको जोडिएको सुन्ने गर्छौ। यो वेदमंत्रको वरदान थियो । आधुनिक युगमा बिज्ञानले यसको रहस्य बुझ्न प्रयास गरिरहेको छ । वेदमंत्रको अध्ययन अन्तर्राष्ट्रियस्तरमा भइरहेको अबस्था भएपनि लोकमंत्रबारे अधिक भन्दा अधिक अध्ययन, अनुसंधानको क्रम बढाउनुपर्ने देखिएको छ। मंत्रको मूलअर्थ गुप्त निर्देश अथवा परामर्श हो । यसले मनुष्यलाई दिव्य रूप सकार गर्न सिद्धिमा परिणत गर्दछ ।

कुनै मनुष्य (औझा-धामि) ले पहिला आफ्नो शरीर बाँध्ने काम गर्छ । त्यसपछि मात्रै अन्य मंत्रको प्रयोग गर्ने गरिन्छ ।

*आसन बान्हु पासन बान्हु*
*धिया पूताके घर बान्हु*
*घर बान्हु घर बाहनी बान्हु*
*दोहाई सर महादेव के छ : ।*

यो मंत्र उच्चारण गरि सिद्ध भई मात्रै अन्य मंत्रहरूको प्रयोग गरिनुले पनि पहिला आफू सुरक्षित हुने र मात्रै अरूलाई हानी, नोक्सानी र दुष्टशक्तिबाट मुक्त गर्ने सन्देश दिन्छ । लोकमन्त्रको चर्चा महाभारत र गीतामा पनि गरिएको छ । यसको प्रयोग जन्मदेखि मृत्युसम्म हुने गर्दछ । लोककविता नै धर्मसँगको समिप्यताले लोकमन्त्रमा परिणत भएको मत राख्नेहरूको संख्या पनि बिस्तारै बढ्न थालेको छ ।

महाभारतमा 'वेदाच्च वैदिकाः शब्दा । सिद्धा लोकाच्च लौकिकः ॥ ' तथा गीतामा ' अतोऽस्मि लोके वेदे च प्रथितः पुरूषोत्तम ।' भनेर लोकमंत्रलाई पनि महत्वपूर्ण मानिएको अवस्था छ । वैदिक मन्त्रहरूको उच्चारण धार्मिक विधिविधान जस्तै विवाह,श्राद्धहरूमा हुने गर्दछ ।

कानूनले बोक्सी हुने वा नहुने भन्दा पनि बोक्सी आरोपमा कसैलाई प्रताडित वा दण्डित गर्न नपाइने ब्यबस्था गरेको छ । यस किसिमको कार्य गरे सजायको ब्यबस्था गरिएको छ । समाजलाई सन्तुलन गर्न यो आवश्यक पनि रहन्छ । केही समय अगाडि तराईका सयौं महिला तथा पुरूषहरूसँग बोक्सी वा भूतप्रेत हुन्छ ?

यस प्रश्नको जवाफमा एक प्रतिशत मात्रैले हुँदैन भनेर जवाफ फर्काएका थिए । त्यसमा पनि आधाभन्दा बढीले भूतप्रेत वा बोक्सी देखेको छैन तर हुन्छ भन्ने धारणा बनाएका रहेछन् । डाइन,जोगिन, भूत-प्रेतबिरूद्ध समेत लोकमंत्र छ । खासगरि ओझा-धामिले यो मंत्रको प्रयोग गर्ने गरेको पाइन्छ । यसलाई डाइन,जोगिन, भूत-प्रेत परक मंत्र भन्ने गरिन्छ । यो मंत्रको केही अंश यस्तो रहेको छ ।

*कांद कनौली कांद कनौसी*
*विद्या दे परमेश्वरी*
*गणे धूपे सरोसती..........*

लोकमंत्रमै पुरूष र महिलाका लागि छुट्टाछुट्टै अश्लिल(फोहरी)शब्दको प्रयोग गरेर डाइन,जोगिन,भूत,प्रेतलाई गाली गरिन्छ। जीवनमा आइपर्ने समान्यदेखि ठुला घटनासम्मलाई लोकमंत्रले जोडेको देखिन्छ । यसमा विहवास गर्ने नगर्ने ब्यक्तिको स्वतन्त्रता हो । जसलाई यो लोकमंत्रले काम गरेको जस्तो लाग्छ, त्यो मानिस विश्वास गर्छ नभए हरेक कुरा मान्न बाध्यकारी हुँदैन । लोकमंत्रको चक्करमा परेर धैरेको ज्यान गएको अबस्था पक्कै पनि भूल्नु हुँदैन । लोकमंत्रको प्रयोग गर्ने कत्तिको साधक छ, त्यसमा पनि भर पर्दछ । सर्प , कुकुर, बिच्छुलगायतका पशु वा किराले टोकेको अबस्थामा पनि छुट्टाछुट्टै लोकमन्त्रको प्रयोग गर्ने गरिएको पाइन्छ । बिच्छुले टोकेको अबस्थामा बिष निरस्त पार्न यस्तो लोकमंत्रको प्रयोग गर्ने गरिएको छ ।

*पर्वतक नीता सोराही गाय*
*ओकरे गोबर बिछी बिआय*
*सौ गिरह नौ पोड़*
*दोहाई नैना जोगनी के ॥*
*हमर झाड़ सँ पानी पस हो जइह ।*

हाथले तलमाथि गर्दै बिच्छुको बिष निरस्त पार्ने गरेको देखिन्छ । तराईको विभिन्न ठाउँमा यस प्रकारको बिष झार्ने कार्य अझैसम्म परम्परागत ढंगले चलिरहेकै छ । लोकमंत्रले नराम्रो गर्नेभन्दा राम्रो कुरा गर्नेमा जोड दिएको देखिन्छ । समाजमा संतुलन कायम गर्न पनि यो एउटा ' बाँसको पुल'को काम गर्ने गर्दछ । यो दिर्घायु नहुन पनि सक्छ । द्वापरयुगमा पूतनाको स्तनमा लगाइएको कालकुट बिष कृष्णको मुखबाट शरीरमा पुगेको थियो । बेहोस भएका कृष्णलाई होसमा ल्याउन गाईको गोंत(मूत्र) र गाईको खुरको धुलो मिलाएर नुहाइएको थियो तथा गाईको पुच्छरले यस्तै लोकमंत्रको प्रयोग गरि झार्ने(निरस्त) काम गरिएको महाभारतमा उल्लेख छ ।

कहिलेकाही लोकमंत्र र लोकफकर ।(उखान , टुक्का) उस्ताउस्तै लागेपनि दुबैमा निकै भिन्नता रहेको छ । लोकफकराको प्रयोग यात्रा, पहिरनलगायतको काममा सन्देशमूलक हुने गर्दछ । जस्तै नयाँ कपडा लगाउने सन्दर्भमा एउटा लोकफकरा यस्तो । 'रबि जारे, सोम फारे, मंगल करे सुडाह' अर्थात नयाँ कपडा प्रयोग गर्दा बुधवार उपयुक्त हो तर आइतवार सानो धागा जलाएर, सोमवार कपडाको टुक्र जलाएर लगाउँदा हानी हुँदैन । मंगलवार नयाँ कपडा प्रयोग नगर्दा नै बेस हुने सन्देश रहेको छ ।

बैज्ञानिक वा बिज्ञानले लोकमंत्रलाई मान्ने वा नमान्ने भन्दा अहिले अध्ययनको क्रममा राखेको देखिन्छ । तथापि समाजमा यो अझैसम्म जीवन्त नै छ । महोत्तरीको सोनामाई, संसारीमाई, धनुषा-सिरहाको कमलामाई नदी किनारमा मनाइने बिभिन्न उत्सवमा भूतप्रेत भगाउने मेला लाग्ने गरेको पाइन्छ ।

## प्रधानमन्त्री...

नभएका कारण चुनावी अवरोधको अवस्था थिएन र शान्तिपूर्ण रुपमा चुनाव सम्पन्न हुन सक्यो । पहिले तराई भूगोलमा चुनाव गरिएको भए उनलाई सफल भन्न सकिन्थ्यो । जब तराईमा चुनाव मिति नजिकिँदै जाँदा उनले राजीनामा दिए । कांग्रेससँग भद्र सहमति गर्दा प्रचण्डले स्थानीय तहको निर्वाचन गराएर सत्ता हस्तान्तरण गर्ने सहमति भएको थियो । यसअनुसार दोस्रो चरणको पनि निर्वाचन गराएर उनले सत्ता छोड्न सक्थे । तर तराईमा चुनाव गर्न कठिनाइ महसुस गरेकैले उनले देउवालाई जिम्मेवारी सुम्पिएका हुन् ।

सरकारले स्थानीय तह संख्या थपेको अवस्थामा जेठ ३१ मा चुनाव गराउन कठिन हुने निर्वाचन आयोगले बताएको छ । प्रधानमन्त्री प्रचण्डले निर्वाचन मिति असार पहिलो वा दोस्रो साता सार्न निर्वाचन आयोगसँग परामर्श गरे पनि आयोगले प्राविधिक कारणहरु देखाउँदै ३१ के मिति सार्न नहुने सुझाएको छ । विराटनगर र वीरगन्ज उपमहानगरपालिकालाई महानगरपालिका बनाउने र तराईका १२ जिल्लामा २२ स्थानीय तह थप्ने ८ जेठको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । स्थानीय तहको संख्या ७४४ कायम रहेकोमा थपिएका २२ सहित स्थानीय तहको संख्या ७६६ पुग्ने भएको छ । मधेस केन्द्रित दलहरुले तराईका जिल्लामा स्थानीय तह संख्या थप गरिए दोस्रो चरणको निर्वाचनमा भाग लिने भनेकाले थप गरिएको भनिए पनि यसले निर्वाचन आयोगमाथि झन्झट थुपारिदिएको छ । राष्ट्रिय जनता पार्टीले फेरि संविधान संशोधन नभई चुनावमा नजाने भनिरहेको छ। संविधान संशोधनको हलो अड्काएर निर्वाचनको गोरु चुट्ने प्रयास गरिरहेका छन् मधेसी दलहरु ।

प्रचण्डले कुनै दृढ इच्छाशक्ति र राजनीतिक प्रतिबद्धताले पहिलो चरणको चुनाव गराएका होइनन् । चुनाव गराउनु संवैधानिक बाध्यता नै प्रमुख हो । नेपालको संविधान २०७२ मा २०७४ माघ ७ गतेभित्र स्थानीय, प्रादेशिक र संघीय संसद गरी तीनवटै तहको निर्वाचन गरिसक्नुपर्ने उल्लेख छ । रुपान्तरित हालको संसदको आयु माघ ७ गतेसम्म मात्र छ। यदि तीनवटै तहको निर्वाचन माघ पहिलो साताभित्र हुन सकेन भने संविधान फेलर हुन्छ । यसपछि देशमा घोर राजनीतिक र संवैधानिक संकट उत्पन्न हुन सक्छ। यही कारण निर्वाचन गराउनु सरकारको संवैधानिक बाध्यता नै हो ।

प्रचण्डको प्रधानमन्त्रित्वकाल विवादसहित भने रहेन । निर्वाचन मिति घोषणा गरेपछि ११ जिल्लामा फरक मापदण्ड तोकेर यिनले निर्वाचन गर्न खोजेका थिए । तर एमालेले नमानेपछि दुई दिनमै 'ब्याक' भए। नेपाल प्रहरीको महानिरीषकमा तेस्रो वरियताका जयबहादुर चन्दलाई सरकारले नियुक्त गरेपछि त्यसका विरुद्ध सर्वोच्चमा रिट दायर भयो । सर्वोच्चले चन्दको नियुक्ति उल्टाइदियो । यो सरकारको सानो बेइज्जत होइन । २८ दिनसम्म मन्त्रिपरिषद्को बैठक बस्न सकेन। फेरि सरकारले प्रकाश अर्याललाई आईजी नियुक्ति गऱ्यो । यस विषयमा पनि सर्वोच्चमा रिट परेको छ र आईजी नियुक्ति प्रकरण विचाराधीन छ । जबसम्म सर्वोच्चबाट यसको छिनोफानो हुँदैन विवाद कायमै रहिरहन्छ । यही आईजी नियुक्तिको विषयलाई उछाल्दै सरकारले प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाअभियोग प्रस्ताव संसदमा दर्ता गरायो । संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संघसंस्था र नागरिक समाजले यसको विरोध गरिरहेका छन् । एमालेले त महाअभियोग प्रस्ताव फिर्ता लिन सरकारसँग माग गरिरहेको छ। तर प्रचण्डले महाअभियोगको टुंगो नलगाई सत्ता छोडेका छन् ।

देशमा व्याप्त भ्रष्टाचार, कालोबजारी, तस्करी र मूल्यवृद्धि रोक्न प्रचण्ड सरकार पूर्ण असफल देखिएको छ । सरकारका तीन मन्त्रीहरु गगन थापा, जनार्दन शर्मा र नवीन्द्रराज जोशीले देश र जनहितमा काम गरेर प्रचण्डको साख जोगाइदिएका छन् । थापाले सर्वसाधारणका लागि स्वास्थ्यमा पहुँच पुग्ने सुधारका कामहरु गरेका छन् भने शर्माले लोडसेडिङको अन्त्य गराउन इमानदारिताका साथ काम गरे । जोशीले कांग्रेसको उदारवादी अर्थतन्त्रले थला परेका उद्योगधन्दाहरुमा 'कोरामिन' दिने काम गरेका छन्। उदयपुर सिमेन्ट नाफामा गएको छ। औषधि लिमिटेडले जीवनजल बनाउन सुरु गरेको छ । प्रधानमन्त्री प्रचण्डले आफूले लोडसेडिङ हटाएर देश उज्यालो पारिदिएको भने पनि तत्कालीन प्रधानमन्त्री केपी ओलीले भारत भ्रमणका क्रममा २०७२ फागुन ८ गते गरेको सम्झौताअनुसार भारतबाट विद्युत आयात भएर लोडसेडिङ हटेको कुरा बिर्सन हुँदैन। विद्युत प्राधिकरणका एमडी कुलमान घिसिङले विद्युत चुहावट रोक्न सक्दो भूमिका भने खेलिरहेका छन् ।

ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुअघि काठमाडौं निजगढ द्रुतमार्ग र चीनसँगका सम्झौताबारे प्रश्न उठाएका थिए । तिनको जवाफ भने प्रचण्डले दिएका छन् । 'फास्ट ट्र्याक' भारतले माग्दामाग्दै नेपाली सेनालाई दिइएको छ । यसको शिलान्यास १४ गते प्रचण्डले गर्दैछन् । चीनसँग नेपालले ३० अक्टोबरमा हस्ताक्षर गरेको छ । तर प्रचण्ड प्रधानमन्त्री भएकै बेलामा सर्वोच्च शिखर सगरमाथामाथि दलाई लामाको पोस्टर अंकित झन्डा फहराइएको छ । यसलाई चीनले कुन रुपमा बुझ्ने हो । देशका आर्थिक विकासका कुनै काम प्रचण्ड सरकारले नगरे पनि आर्थिक वृद्धिदर ७.५ प्रतिशत पुगेको बताइन्छ । वैदेशिक रोजगारीमा जानेका लागि विमा ७ लाखबाट बढाएर २० लाख पुऱ्याइएको छ। प्रचण्डले चीन र भारतसँग समदूरी सम्बन्ध बनाएको भनिए पनि भारत भ्रमणका बेला उनले अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपाल भारत सँगै हिँड्ने प्रतिबद्धता जनाएर नेपाललाई झन्डै भूटानको हैसियतमा पुऱ्याएका छन् ।

## औषधि...

महँगो परे तापनि स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने भने पनि त्यसको कार्यान्वयन हुन सकिरहेको छैन । स्वास्थ्य मन्त्रालयमार्फत सरकारले गरेको औषधि आयातसम्बन्धी निर्णयले स्वदेशी उद्योगलाई प्रोत्साहन मिल्नुका साथै आयात प्रतिस्थापनमा समेत ठूलो सहयोग मिल्नेछ । स्वास्थ्य मन्त्रालयको यो निर्णयलाई आयातकर्ताले अतिरञ्जित रुपमा प्रचार गरे पनि यो निर्णय स्वागतयोग्य रहेको नेपाल औषधि उत्पादक संघको भनाइ छ ।

लामो समयसम्म बन्द रहेको एक मात्र सरकारी औषधि उद्योग नेपाल औषधि लि.ले समेत जीवनजल उत्पादन गरेर उत्पादनको थालनी गरेको अवस्थामा निजी क्षेत्रका उद्योगहरु समेत स्वास्थ्य मन्त्रालयको निर्णयसँगै फस्टाएर जाने छन् । यसैबीच सरकारी अस्पतालले आफ्नै फार्मेसी सञ्चालनमा ल्याउन थालेपछि उपभोक्ताले सस्तोमा औषधि पाउन थालेका छन् । चितवनस्थित भरतपुर अस्पतालले सञ्चालनमा ल्याएको फार्मेसीबाट सात गुणासम्म सस्तोमा औषधि पाइन थालेपछि उपभोक्तालाई राहत मिलेको छ ।

उक्त अस्पतालका फार्मेसी स्टोर प्रमुख राजकुमार ढुंगानाले बजारमा १०० पर्ने स्लाइन लगाउँदा प्रयोग गर्ने क्यानुला ननसेफ्टी अस्पतालको फार्मेसीमा रु. १५ मा पाइने बताएका छन् । यस्ता थुप्रै औषधि र उपकरणहरु अस्पतालको फार्मेसीमा बजारमा भन्दा सस्तोमा पाइएपछि उपभोक्ता अस्पतालको फार्मेसीतर्फ अकर्षित हुन थालेका छन् । अस्पतालले अनिवार्य फार्मेसी सञ्चालन गर्नुपर्ने नियम पनि स्वास्थ्य मन्त्री थापाले कार्यान्वयन गराएका हुन् ।

## बाबुरामको...

समेत खुलासा गरेका छन् ।

यसैगरी बाबुराम भट्टराई प्रधानमन्त्री भएको समयमा प्रचण्डले विदेशी खुफिया एजेन्सीलाई अत्याधुनिक हातहतियार बिक्रीको प्रयाससमेत गरेको गम्भीर आरोप भट्टराईले लगाएका छन् ।

## किन भयो ?....

विषय हो । तर चुनाव बहिष्कार गरेर उसले राजनीतिक इमानदारिता भने देखाएको छ । यदि उसले चुनावमा भाग लिएको भए संसदीय व्यवस्थाको विकल्पको कुरा गर्न पटक्कैं सुहाउँदैनथ्यो । संसदीय व्यवस्थाको विकल्प हामी दिन्छौं भनेर उद्घोष गरेका विप्लवले विकल्पलाई रिजर्भ नै राखेका छन् । नेकपाले राजनीतिक नैतिकतालाई ब्यालेटसँग साटेन । ब्यालेटमा भन्दा बुलेटमा उसले विश्वास गरेको सन्देश संसदवादी दलहरुसम्म प्रवाहित गरिदिएको छ । जनकपुर घटनालाई यसकै एउटा श्रृंखलाका रुपमा लिन सकिन्छ । जब उसले नौलो जनवादको लक्ष्य राखेको छ भने संसदीय शासन व्यवस्थाको चुनावलाई किन स्वागत गर्छ ? चुनाव बहिष्कारसँगै नेकपा जनतबाट बहिष्कृत भएको टिप्पणी गर्नेहरु पनि छन् । तर आउने दिनहरुले बताउनेछन् चुनावमा भाग नलिने नेकपाको निर्णय गलत थियो या सही । सो पार्टीले स्थानीय तह निर्वाचन बहिष्कार गरे पनि जनताले भने अभूतपूर्व उत्साहका साथ भाग लिएका छन् । नेकपाको भविष्य खुट्याउन अहिले नै छिटो हुनेछ ।

तर कमल थापाले भने थोरै पनि राजनीतिक नैतिकता र इमानदारिता देखाउन सकेनन् । संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रको उनको एजेन्डालाई दोस्रो संविधानसभा निर्वाचनमा धेरै मतदाताले अनुमोदन गरे । समानुपातिकमा गाई चिन्हमा आश्चर्यजनक रुपमा स्वस्तिक छाप बर्सिए । तर जनताको मतलाई थापाले सत्तारोहणको सहज भऱ्याङका रुपमा प्रयोग गरे । धर्मनिरपेक्ष र गणतान्त्रिक संविधानको उनले विरोध गरेनन्, स्वीकार गरे अनि उपप्रधानमन्त्री पद पड्काए । उनी सत्तामा पुगेपछि उनका एजेन्डा अलपत्र पर्नु स्वाभाविक थियो। थापा एमाले नेतृत्वको सरकारमा सहभागी भए। त्यसबेला मधेस आन्दोलन चलिरहेको थियो । यसैलाई आधार बनाएर भारतले नेपालमाथि नाकाबन्दी लगाएको थियो । राष्ट्रवादका गुड्डी हाँक्ने थापा परराष्ट्र मन्त्रीको हैसियतमा दिल्ली गए र संविधान संशोधनको मस्यौदा बुझाए । उनले नाकाबन्दी खोल्न कूटनीतिक पहल त गरे होलान् तर भाजपा नेतृत्वले पत्याएन । चरम हिन्दूवादी भारतीय प्रम मोदी र विदेशमन्त्री सुष्मा स्वराजले थापाले हिन्दू राष्ट्रको एजेन्डा छोडेर धर्मनिरपेक्ष नेपालको मन्त्री बनेको अवश्य मन पराएनन् । उनको ९ महिने परराष्ट्रमन्त्रीकाल पूर्ण रुपमा असफल भयो । चीनसँग पारवहन सम्झौता गरेका कारण भारतले ओली सरकार ढलायो देउवा र प्रचण्डको गठजोड गराएर । थापा फेरि प्रचण्ड नेतृत्वको सरकारमा उपप्रधानमन्त्री बने। पार्टीभित्रै उनको चर्को विरोध र आलोचना मात्र भएन वरिष्ठ नेता डा. प्रकाशचन्द्र लोहनीले पार्टी नै परित्याग गरी छुट्टै चुलाचौका गर्न पुगे । पशुपतिशमशेरले नेतृत्व गरेको राप्रपासँग एकता गरेर पनि उनले पार्टीमा आफ्नै मात्र हुकुमी रवैया चलाए। राप्रपा भावनात्मक रुपमा एक हुन सकेन । यसको प्रभाव स्थानीय निर्वाचनमा देखियो ।

पद र पैसाका लागि जस्तोसुकै सम्झौता गर्न तयार थापा अवसरवादका एक प्रतीक नै मानिन्छन्। मेची महाकाली हिन्दू जागरण अभियानमा पूर्वराजाले नौ करोड नदिएपछि उनकै विरोध गरेका थिए थापाले । राजावादीहरुले गाईलाई यही कारण मत दिएनन् । 'मुसा प्रवृत्ति' भनेर लोकेन्द्रबहादुर चन्दले त्यसै थापाबारे व्यंग्य कसेका थिएनन् कुनै बेला । मेयर, उपमेयरसमेत थापाले आफूखुसी चयन गरेको, यी पदहरुमा लेनदेन गरेको राप्रपाकै मान्छेहरु बताउँछन् । एमालेसँग चुनावी तालमेल गरे पनि राप्रपालाई एमालेले धोका दिनुमा थापाकै विश्वासघाती चरित्र मुख्य जिम्मेवार छ। भाइ गणेश थापालाई सभासद बनाउने कुन्ती शाहीलाई मात्र मन्त्री बन्न योग्य देख्ने थापासँग राप्रपाका अन्य नेताहरु पनि आक्रोशित देखिन्छन् ।

## माओवादीको...

कुनै चासो देखाएनन् । रुकुमलगायत कर्णाली क्षेत्रमा माओवादी केन्द्रको जुन वर्चस्व देखियो त्यसले अझै दूरदराजका सिमान्तकृत जनसमुदायका माओवादीप्रतिको भरोसा नडगमगाएको बुझ्न सकिन्छ । यदि प्रचण्ड सत्ताको नेतृत्वमा हुँदैनथे भने माओवादी केन्द्रको तेस्रो हैसियत पनि कायम हुने थिएन । सत्ता र शक्तिको चरम दुरुपयोग गरेर माओवादी केन्द्रले जितेको हो भन्नेहरु पनि कम छैनन् । एमालेले त धाँधलीसमेत गरिएको आरोप लगाएको छ र छानबिनको माग गरिरहेको छ । वास्तवमा हिमाल र पहाडका जनताले माओवादी केन्द्रलाई पत्याएकै रहेछन् भन्न कन्जुस्याइँ गर्नु हुन्न । बाबुराम र वैद्यबाहरुलाई भने ती क्षेत्रका बासिन्दाले विश्वास गरेको देखिएन । माओवादीको गढ भनिएको गोर्खामा कांग्रेसको वर्चस्व स्थापित हुनुले नयाँ शक्तिको राजनीतिक यात्रा सहज नहुने देखाएको छ । आफ्नै क्षेत्र पालुङटार समेत जोगाउन सकेनन् बाबुरामले । नैतिकताको दृष्टिकोणले पनि उनले नयाँ शक्तिको संयोजकबाट राजीनामा दिनुपर्ने हो ।

माओवादी केन्द्रप्रति खासगरी सहरीया मध्यम वर्ग र बुद्धिजीवीहरुले सहानुभूतिसम्म पनि राखेको देखिएन । राजधानी काठमाडौं पहिलो संविधानसभा निर्वाचनमा माओवादीमय थियो । दोस्रो संविधानसभा चुनावमा माओवादी खुइलियो, अहिले स्थानीय चुनावमा त बहिष्कृत र तिरष्कृत नै देखियो ।

केही अपवाद छोडेर सहरी क्षेत्रमा माओवादी केन्द्रले पाएको मत हेर्दा दशवर्षे जनयुद्धलाई शिक्षित र नवयुवापिँढीले गर्नै नहुने कार्य ठानेको प्रस्ट हुन्छ। विवेकशीलकी रञ्जु दर्शनाले पाएको मतले पनि माओवादी केन्द्र मात्र होइन कांग्रेस, एमाले जस्ता पुराना दलको विकल्प नयाँ पिँढीले खोज्न थालेको संकेत गर्छ । साझा पार्टीका किशोर थापाले पाएको मतले पनि बौद्धिक वर्गले समेत पुराना दलहरुको विकल्प चाहिरहेको स्वीकार गर्न करै लाग्छ । यद्यपि स्थानीय तह चुनावमा कांग्रेस र एमालेकै वर्चस्व देखिएको छ। एमाले कार्यकर्ताहरुको आधार भएको दल हो । यसको संगठन वडासम्म छ । कर्मचारीतन्त्रमा पनि एमालेकै बोलवाला छ। जेलनेल भोगेका पुराना कार्यकर्ताहरु छन् एमालेसँग, जो पार्टीका लागि अथक मेहनत गरिरहन्छन् । कांग्रेसको संगठन मजबुत छैन। कांग्रेसभित्र गुट र उपगुट हावी छ । अन्तर्घातका घिनलाग्दा खेलहरु सो पार्टीभित्र हुने गर्छन् । नेतृत्वले गरेको प्रधानन्यायाधीशमाथिको महाभियोग प्रस्ताव, आईजी नियुक्ति प्रकरण, राजदूतहरुको नियुक्तिमा देखिएको विवाद जस्ता अनेकौं कारणका बाबजुद निर्वाचनमा कांग्रेस दोस्रो ठूलो दल बन्न सक्नु ठूलो कुरा हो। माओवादी केन्द्रको सांगठनिक स्थिति भद्रगोल छ। वर्षादको खहरेझैँ आएको यो पार्टी विस्तारै कमजोर बन्नु अस्वाभाविक होइन। यो दलको दर्शन, नीति र सिद्धान्त समेतलाई जनताले अस्वीकार गरेको बुझ्न सक्नुपर्छ । मधेस केन्द्रित दलहरु पनि माओवादी तरिकाले उदाएका थिए र दोस्रो संविधानसभा चुनावमा उनीहरुको हैसियत धेरै खस्कियो । पार्टी फुटले माओवादी केन्द्रको कद त्यसै होचिएकै थियो । दोस्रो संविधानसभा चुनावको नतिजालाई स्वीकार्न गाह्रो गरेका प्रचण्डले स्थानीय तह चुनावको परिणामप्रति सन्तोष नै जनाएका छन् । उनी आफैं सरकार प्रमुख भएर गराएको निर्वाचनमा धाँधली भयो भन्न सुहाएन पनि ।

## भारतीय...

शल्यक्रियाका क्रममा उनीहरुको गोली लागेर मृत्यु भएको हो ।

यसैगरी कास्कीको नगिधर गाउँका गिरिस गुरुङ १९ वर्षदेखि भारतीय सेनामा काम गर्दै आएका थिए । उनी हबल्दार पदमा कार्यरत थिए । त्यस्तै गुल्मीको काराइँग तुन गाउँ घर भएका हबल्दार डमरबहादुर पुन पनि २१ वर्षदेखि भारतीय सेनामा कार्यरत थिए । तीनैजनाको पार्थिव शरीरलाई हिमाञ्चल प्रदेशको सुवाथुमा लगी पूर्ण सैनिक सम्मानका साथ अन्तिम संस्कार गरिने मृतक शर्माका पारिवारिक स्रोतले जनाएको छ ।

## मलको...

व्यापारीहरुले १६ सयमा किसानलाई बिक्री गर्ने गरेका छन्। कृषकले खेतीको समययमा मल, बिउ जस्ता आवश्यक सामग्री नपाउँदा कृषि क्षेत्रलाई गम्भीर असर पर्ने गरेको छ । गत वर्ष समयमै वर्षा भएको कारणले धानबालीलगायत अन्न उत्पादनमा राम्रो प्रभाव परेकाले त्यसको प्रत्यक्ष प्रभाव राष्ट्रिय उत्पादन वृद्धिमा परेको छ ।

मलको नियमित आपूर्तिमा कृषि मन्त्रालय तथा कृषि सामग्री संस्थानको ध्यान जान आवश्यक छ। त्यसैगरी कृषि सामग्री आपूर्ति गर्ने निकायमा बसेर सधैं लापर्बाही गर्ने तथा भ्रष्टाचार गर्नेहरुलाई समेत कारबाहीको दायरामा ल्याउन आवश्यक छ। स्थानीय तहको निर्माण भई पहिलो चरणको निर्वाचन समेत सम्पन्न भएको अवस्थामा अब प्रत्येक स्थानीय तहमा कृषि सामग्री मल, बिउ, औषधि, उपकरण आवश्यकताअनुसार सहज ढंगले पाउने वातावरण सरकारले बनाउन आवश्यक छ ।